| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRAND SHIKHAR OVERSEAS PVT LTD**
Govt. License 756/064/65
Lazimpat, Kathmandu, Tel: +977-1-4516940, Web: gso@grandshikhar.com

## युएइमा रोजगार

**कम्पनी : ONYX INTERIORS DECOR-LLC**

पूर्व स्वीकृति मिति : २०८२/०५/०१ | LT. No. 329477 | चलानी नं. ६०२४३३१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 9 | 0 | 1000 | ३८,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १० गते (26th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Euro Tech Consultancy Pvt. Ltd.** श्रम ईजाजत नं. ५६७/०६२/०६३
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162

## जापानमा रोजगार

**कम्पनी : COOPERATIVE BUSINESS JAICO**

पूर्व स्वीकृति मिति : २०८२/०१/२८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०५/०२ | LT. No. 323655 | चलानी नं. ६०२३७६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YAN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Insulation Worker | 3 | 0 | 165632 | १,५७,०५७ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १० गते (26th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Care Professional Service Pvt.Ltd.** श्रम ईजाजत नं. १३०८/०७४/०७५
Dhumbarahi, Kathmandu, Nepal Phone : +997-1-4517143, 4517142, E-mail: info@careprofessional.com.np

# नेपाल रुबेला रोग निवारण गर्न सफल

**काठमाडौं (प्रस)**– नेपालले रुबेला रोग निवारण गरेको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को नेपालस्थित कार्यालयले सोमबार जारी गरेको विज्ञप्तिमा नेपाललाई रुबेला रोग निवारण भएको घोषणा गरिएको छ ।

डब्लुएचओले नेपालले खोप सेवालाई निरन्तर एवं दृढ प्रयासबाट जारी राखेकाले सम्भव भएको जनाएको छ । डब्लुएचओको दक्षिण-पूर्व एसिया क्षेत्रीय कार्यालयकी कार्यवाहक प्रमुख डा क्याथरिना बोहमले दक्षिण-पूर्व एसिया क्षेत्रमा दादुरा र रूबेला निवारणका लागि क्षेत्रीय प्रमाणीकरण आयोगको सिफारिसलाई आधार मान्दै नेपालबाट रूबेला निवारण भएको प्रमाणित गरिन् । उनले भनिन्, 'नेपालले प्राप्त गरेको यो सफलता नेतृत्व तहको दृढ प्रतिबद्धता, स्वास्थ्यकर्मीहरूको लगनशीलता, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको निरन्तर सहयोग, स्वास्थ्यप्रति आमजनसमुदायको चासो र सहयोगको परिणाम हो । यस उपलब्धिले शिशुहरूका लागि स्वस्थ जीवनको सुरुआत र रूबेलामुक्त भविष्य सुनिश्चित गरेको छ ।'

नेपाल डब्लुएचओको दक्षिण-पूर्वी एसिया क्षेत्रमा रूबेला निवारण गर्ने छैटौं राष्ट्र बनेको छ । दादुराजस्तै देखिने रुबेला अर्थात् जर्मन दादुरा, भाइरसको संक्रमणबाट हुने अति संक्रामक रोग हो । यो रोगले विशेषगरी गर्भवती महिलामा जटिलता निम्त्याउँछ । जसका कारण गर्भपतन हुने, मृत शिशु जन्मिने, वा बच्चालाई जीवनभर असर पार्ने अपांगतालगायतका समस्या देखिन सक्छन् । तर, रूबेलालाई सुरक्षित र प्रभावकारी खोपबाट रोकथाम गर्न सकिन्छ ।

नेपालले सन् २०१२ मा नौ महिनादेखि १५ वर्षसम्मका बालबालिकालाई लक्षित गर्दै देशव्यापी अभियानमार्फत रूबेला खोपलाई राष्ट्रिय खोप कार्यक्रममा समावेश गरेको थियो । नेपालले सन् २०२४ सम्ममा रूबेला खोपको पहिलो मात्रा ९५ प्रतिशतभन्दा बढी बालबालिकामा पुऱ्याउन सफल भएको थियो ।

डब्लुएचओ नेपालस्थित कार्यालयका प्रमुख डा. राजेश सम्भाजिराव पाण्डवले रूबेला निवारण गर्न सफल भएकोमा नेपाललाई बधाइ दिँदै जनस्वास्थ्य क्षेत्रमा हासिल भएको यो सफलता महत्त्वपूर्ण उपलब्धि भएको बताए । नेपालले सन् २०२६ सम्ममा दादुरा र रूबेला निवारण गर्ने लक्ष्य निर्धारण गरेको थियो ।

# फरार अभियुक्त पक्राउ गर्न गृहको सक्रियता

**काठमाडौं (प्रस)**– गृह मन्त्रालयले फरार अभियुक्त पक्राउ गर्ने सक्रियता बढाउँदै लगेको छ । मुलुकभरका अदालत र अर्धन्यायिक निकायबाट कैद तथा जरिवाना सजाय पाएर फरार रहेका अभियुक्तहरूलाई पक्राउ गर्न गृहमन्त्री रमेश लेखकले प्रहरीलाई निर्देशन दिँदै आएका छन् ।

सोही निर्देशनका कारण उनको कार्यकालको पहिलो वर्ष (आर्थिक वर्ष २०८१/८२) मा हालसम्मकै बढी फरार अभियुक्त पक्राउ परेका छन् । गत आवमा गृह प्रशासनको सक्रियताका कारण २४ हजार ३८२ फरार अभियुक्त पक्राउ पक्राउ परेका छन् । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा देशभरबाट कूल १४ हजार ७६४ फरार अभियुक्त प्रहरीले पक्राउ गरेको थियो । आव २०८०/८१ को तुलनामा आव २०८१/८२ मा फरार अभियुक्त पक्राउ परेको ६५.०८ प्रतिशतले बढी हो ।

त्यसैगरी, प्रहरीले आर्थिक वर्ष २०७९/८० मा ११ हजार ९०२ फरार अभियुक्त पक्राउ गरेको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए । गत आर्थिक वर्षमा अपराध अनुसन्धान र फैसला कार्यान्वयनमा गृह मन्त्रालय तथा मातहतका निकाय सक्रिय रहँदा परिणाम राम्रो आएको उनले बताए ।

गृहमन्त्री लेखकको कार्यकालको पहिलो वर्ष (गत आर्थिक वर्ष २०८१/८२) मा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीले सबैभन्दा बढी छ हजार ३७५ फरार अभियुक्त पक्राउ गरेको तथ्यांक छ । त्यसैगरी, कोशी प्रदेश प्रहरीले तीन हजार ४८९, मधेस प्रदेश प्रहरीले पाँच हजार ७१२, बागमती प्रदेश प्रहरीले एक हजार ७०३, गण्डकी प्रदेश प्रहरीले एक हजार ४९१, लुम्बिनी प्रदेश प्रहरीले तीन हजार ९९६, कर्णाली प्रदेश प्रहरीले ५५६, सुदूरपश्चिम प्रदेश प्रहरीले ९२८ र केन्द्रीय अनुसन्धान ब्युरोले १३२ फरार अभियुक्त पक्राउ गरेको प्रहरी नायब महानिरीक्षक घिमिरेले जानकारी दिए ।

गत आर्थिक वर्षमा एक अर्ब, ५० करोड रूपैयाँभन्दा बढी जरिवाना रकमसमेत असुल उपर गरिएको छ।त्यसैगरी,जिल्लास्तरको फैसला कार्यान्वयनको विवरणअनुसार काठमाडौं प्रहरी परिसर अग्रस्थानमा छ । जनघनत्व बढी भएको राजधानी काठमाडौंमा हरेक दिनजसो ठूला र साना 'अप्रेसन' जारी रहेको काठमाडौं प्रहरी परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले जानकारी दिए । काठमाडौंबाट मात्रै पाँच हजार ५८५ फरार अभियुक्तलाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको उनले बताए ।

जनशक्ति अभाव र सीमित स्रोतसाधनको अधिकतम प्रयोग गरी प्रहरीले फैसला कार्यान्वयनमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । काठमाडौं प्रहरी परिसरले गत आर्थिक वर्षमा देशभरमै सबैभन्दा बढी फरार अभियुक्त पक्राउ गर्न सफल भएको छ । एक वर्षको अवधिमा परिसरले काठमाडौंबाट पाँच हजार ५८५ फरार अभियुक्तलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन सफल भएको प्रहरी वरिष्ठ उपरीक्षक अधिकारीले जानकारी दिए ।

काठमाडौं परिसरले आर्थिक वर्ष २०८०/८१ मा एक हजार ६७ फरार अभियुक्त पक्राउ गरेको थियो । गत आवमा उक्त संख्या पाँच हजार ५८५ पुगेको छ । फैसला कार्यान्वयनलाई परिसरले विशेष रणनीति बनाएर लागू गरिरहेको उनले जानकारी दिए । नेपाल प्रहरी संगठनको वार्षिक कार्यसम्पादन सम्झौताअनुसार दण्डहीनताको अन्त्यका लागि फैसला कार्यन्वयनलाई उच्च प्राथमिकतामा राखिएको छ ।


## वात्सल्य बचत तथा ऋण सहकारी संस्था लि.

**का.म.न.पा–७, चावहिल, काठमाडौं, सम्पर्क नं.०१–४५७९८७३**

### कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/०५/०३ गते*

यस संस्थाबाट तपसिल सदस्यले आफ्नो व्यवसाय सञ्चालन गर्न निम्न लिखित अचल सम्पत्ति धितो राखी लिनुभएको कर्जालाई यस संस्थासँग गरेको सम्झौता वमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले सो को पूर्ण बेवास्ता गर्दै कर्जा चुक्ता गर्न कुनै चासो नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको सम्पूर्ण साँवा, व्याज तथा अन्य दस्तुर रकम फछ्र्योट गर्न/गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ र यो सूचनाको समेत बेवास्ता गरी बस्नु भएमा यस संस्थाले प्रचलित ऐन, नियम कानून, विनियम वमोजिम धितो सुरक्षण लिलाम विक्रीको प्रक्रिया अगाडि बढाउने व्यहोरा पनि जानकारी गराइन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम | फोटो | जमानीको नाम | फोटो |
|---|---|---|---|---|
| १ | **ऋणी** : राम शरण बानिया<br>**हजुरबुवा** : चन्द्र बहादुर बानिया<br>**बुवा** : गंगाराम बानिया<br>**ना.प्र.प.नं.** ८९११७, सिन्धुपाल्चोक<br>**स्थायी ठेगाना** : सिन्धुपाल्चोक, (साविक कुञ्चोक गा.वि.स वडा नं. ७, देउरालीटोल), हाल इन्द्रावती गा.पा.वडा नं.३<br>**हाल ठेगाना** : काठमाडौं जिल्ला, का.म.न.पा-७, चावहिल | | **जमानी** : गम्बर कुमारी बानिया<br>**ससुरा** : गंगाराम बानिया<br>**बुवा** : फगत बहादुर थापा<br>**पति** : राम शरण बानिया<br>**ना.प्र.प.नं.** १४०११२, सिन्धुपाल्चोक<br>**स्थायी ठेगाना** : साविक कुञ्चोक-७ | |
| २ | **ऋणी** : यशोदा क्षेत्री<br>**पति** : धन बहादुर क्षेत्री<br>**ससुरा** : हर्क बहादुर क्षेत्री<br>**बुवा** : शंशेर बहादुर क्षेत्री<br>**ना.प्र.प.नं.** ४५७४०, लम्जुङ<br>**स्थायी ठेगाना** : सिम्पानी गा.वि.स वडा नं.१ हाल मर्स्याङदी गा.पा वडा नं ९<br>**हाल ठेगाना** : काठमाडौं-२९, रानीबारी | | **जमानी** : धन बहादुर क्षेत्री<br>**श्रीमती** : यशोदा क्षेत्री<br>**बुवा** : हर्क बहादुर क्षेत्री<br>**पति** : राम शरण बानिया<br>**ना.प्र.प.नं.** २९९०५, लम्जुङ<br>**स्थायी ठेगाना** : सिम्पानी गा.वि.स वडा नं.१<br>**हाल ठेगाना** : मर्स्याङदी गा.पा वडा नं ९ | |
| ३ | **ऋणी** : महेन्द्र मुनि बज्राचार्य<br>**हजुरबुवा** : जोगमुनि बज्राचार्य<br>**बुवा** : जगतमुनि बज्राचार्य<br>**ना.प्र.प.नं.** ४८४४।५६५५, काठमाडौं<br>**स्थायी ठेगाना** : काठमाडौं, का.म.न.पा-२४ | | **जमानी** : मन्दिलमुनि बज्राचार्य<br>**बुवा** : महेन्द्र मुनि बज्राचार्य<br>**ना.प्र.प.नं.** २७१०६०१२९९०४<br>**जमानी** : मोहीनी बज्राचार्य<br>**श्रीमान** : महेन्द्र मुनि बज्राचार्य | |
| ४ | **ऋणी** : हरिशरण फुयाल<br>**हजुरबुवा** : देवरीसी फुयाल<br>**बुवा** : धननाथ फुयाल<br>**ना.प्र.प.नं.** १४२०।३६९१, काठमाडौं<br>**साविक ठेगाना** : काठमाडौं, गोलढुंगा गा.वि.स वडा नं.८, तारकेश्वर न.पा वडा नं.<br>**हालः** काठमाडौं, का.म.न.पा ७, चावहिल | | **जमानी** : प्रकाश सिं क्षेत्री<br>**बुवा** : लोक सिं. क्षेत्री<br>**बाजे** : भगिरथ सिं. क्षेत्री<br>**ना.प्र.प.नं.** ४४५८८७६, गोरखा<br>**स्थायी ठेगानाः** गोरखा, दावा उप.म.न.पा-१४<br>**हाल ठेगाना** : काठमाडौं, का.म.न.पा ७, चावहिल | |
| ५ | **ऋणी** : अनिता कुमारी मगर (सुब्बा)<br>**हजुरबुवा** : मेघलाल सुब्बा<br>**बुवा** : भक्तबहादुर सुब्बा<br>**पति को नाम** : यमबहादुर मगर<br>**ना.प्र.प.नं.** ९७३, ओखलढुंगा<br>**स्थायी ठेगाना** : मानेभञ्ज्याङ गाउँपालिका वडा नं.६, थाक्ले, ओखलढुंगा<br>**हाल ठेगाना** : स्वयम्भू, काठमाडौं | | **जमानी** : यमबहादुर आले मगर<br>**हजुरबुवा** : सुकुम बहादुर मगर<br>**बुवा** : जितबहादुर मगर<br>**ना.प्र.प.नं.** १७९५, ओखलढुंगा<br>**स्थायी ठेगाना** : मानेभञ्ज्याङ गाउँपालिका डा नं.६, थाक्ले, ओखलढुंगा<br>**हाल ठेगाना** : स्वयम्भू, काठमाडौं | |
| ६ | **ऋणी** : छत्र बहादुर मगर<br>**हजुरबुवा** : बम बहादुर मगर<br>**बुवा** : कृष्ण बहादुर मगर<br>**ना.प्र.प.नं.** ४९११७, सिन्धुली<br>**साविक ठेगाना** : सिन्धुली, लाम्पान्टार गा.वि.स वडा नं.२, लङ्गुरखोला, हाल तीनपाटन न.पा वडा नं. १०<br>**हालः** काठमाडौं, का.म.न.पा ६, सरस्वतीनगर | | | |
| ७ | **ऋणी** : टंकनाथ शर्मा<br>**हजुरबुवा** : पूर्णभद्र शर्मा<br>**बुवा** : तेजनाथ शर्मा<br>**ना.प्र.प.नं.** ८५१, भरतपुर<br>**साविक ठेगाना** : भरतपुर म.न.पा-२८, पर्साबजार (मेघौली-२, चितवन)<br>**हालः** काठमाडौं, का.म.न.पा ३४, ववरमहल | | **जमानी** : सीता शर्मा<br>**बुवा** : धनपती उपाध्याय<br>**श्रीमान** : टंक नाथ शर्मा<br>**ससुरा** : तेजनाथ शर्मा<br>**ना.प्र.प.नं.**: ३५१०३१।३०६, चितवन<br>**स्थायी ठेगाना** : भरतपुर म.न.पा-२१, (साविक गुञ्जनगर-५) | |
| ८ | **ऋणी** : राजु अछामी मगर<br>**हजुरबुवा** : ताम्राध्वज अछामी मगर<br>**बुवा** : तोम बहादुर अछामी मगर<br>**ना.प्र.प.नं.** २०-०१-७१०१२९७, सिन्धुली<br>**साविक ठेगाना** : सिन्धुली दुधौलीनगर-६, (साविक हर्षाही गा-९) भताई<br>**हालः** काठमाडौं, का.म.न.पा ६, सरस्वतीनगर | | **जमानी** : प्रिती मगर<br>**श्रीमान** : राजु अछामी मगर<br>**ससुरा** : तो बहादुर मगर<br>**साविक ठेगाना** : सिन्धुली दुधौलीनगर-६, (साविक हर्षाही गा-९) भताई<br>**हालः** काठमाडौं, का.म.न.पा ६, सरस्वतीनगर | |
| ९ | **ऋणी** : ईश्वर महर्जन<br>**हजुरबुवा** : कान्छा महर्जन<br>**बुवा** : नर बहादुर महर्जन<br>**ना.प्र.प.नं.** २१६, काठमाडौं<br>**साविक ठेगाना** : कीर्तीपुर न.पा वडा नं. ८<br>**हालः** काठमाडौं, का.म.न.पा ६, नारायणचोक | | **जमानी** : रूपा महर्जन<br>**श्रीमान** : ईवर महर्जन<br>**बुवा** : इन्द्रलाल महर्जन<br>**ससुरा** : नर बहादुर महर्जन<br>**ना.प्र.प.नं.** २९१६८, काठमाडौं का.म.न.पा १ | |
| १० | **ऋणी** : अनिल घिमिरे<br>**हजुरबुवा** : रामजी घिमिरे<br>**बुवा** : कृष्ण प्रसाद घिमिरे<br>**श्रीमती** : बिनिता अर्याल<br>**ना.प्र.प.नं.** ४४६१९, काठमाडौं<br>**साविक ठेगाना** : कीर्तीपुर न.पा वडा नं. ८<br>**हालः** काठमाडौं, का.म.न.पा ६, महांकाल<br>**सिफारिस कर्ता** : श्याम ढुंगेल, चावहिल | | | |
| ११ | **ऋणी** : दिल कुमार खड्का<br>**हजुरबुवा** : चन्द्र बहादुर खड्का<br>**बुवा** : पृथ्वीमान खड्का<br>**श्रीमती** : रेश्मा खड्का<br>**ना.प्र.प.नं.** ५२०२०-२११०१७-३२३९<br>**स्थायी ठेगाना** : रामेछापनगर-३<br>**हालः** काठमाडौं, कागेश्वरी-९, गोठाटार | | **जमानी** : रेश्मा खड्का<br>**श्रीमान** : दिल कुमार खड्का<br>**बुवा** : छत्र बहादुर खड्का<br>**ना.प्र.प.नं.** २११०१७१६१०४, रामेछाप<br>**स्थायी ठेगाना** : रामेछापनगर-३ (साविक सांघुटार-५) | |
| १२ | **ऋणी** : साजन बहादुर हमाल<br>**हजुरबुवा** : मान बहादुर हमाल<br>**बुवा** : नर बहादुर हमाल<br>**ना.प्र.प.नं.** ९११९७-११०६-३९३५७, दैलेख<br>**स्थायी ठेगाना** : नौमुले गा.वि.स १, दैलेख (टोली-५)<br>**हालः** काठमाडौं, का.म.न.पा मिलनचोक, कपन | | **जमानी** : कृष्ण केसी<br>**हजुरबुवा** : रण बहादुर खत्री<br>**बुवा** : घनश्याम खत्री<br>**आमा** : लक्ष्मी कार्की खत्री<br>**ना.प्र.प.नं.** १०६०-८८६२६, काठमाडौं म.न.पा-७ | |
| १३ | **ऋणी** : अर्जुन खनाल<br>**हजुरबुवा** : नन्दलाल खनाल<br>**बुवा** : मोहम्मद खनाल<br>**श्रीमती** : सरिता खनाल<br>**ना.प्र.प.नं.** ४४५११, पर्वत<br>**स्थायी ठेगाना** : पर्वत, साविक थापाठाना-७, हाल फलेबास न.पा-२ | | **जमानी** : नारायण प्रसाद लम्साल<br>**हजुरबुवा** : पदम लाल लम्साल<br>**बुवा** : ओम प्रसाद लम्साल<br>**आमा** : लक्ष्मी कार्की खत्री<br>**ना.प्र.प.नं.** ३५७३।२१५६, मोरङ<br>**स्थायी ठेगाना** : रगोंलीनगर-२, मोरङ (बाबियाविर्ता-३) | |
| १४ | **ऋणी** : बिनय हुँमागाइ<br>**हजुरबुवा** : इन्द्रप्रसाद हुँमागाई<br>**बुवा** : रामप्रसाद हुँमागाई<br>**श्रीमती** : यमुन अधिकारी<br>**ना.प्र.प.नं.** ०१-०६६-२९६६<br>**स्थायी ठेगाना** : पनौतीनगर-२ साविक कुसादेवी-८<br>**हाल ठेगाना** : काठमाडौं-६, बौद्ध | | **जमानी** : यमुना अधिकारी<br>**हजुरबुवा** : राम चन्द्र अधिकारी<br>**बुवा** : बिम्ब चन्द्र अधिकारी<br>**श्रीमान** : बिनय हुँमागाई<br>**जमानी** : बिजय हुँमागाइ<br>**ना.प्र.प.नं.** ३०-०१-७१-००३५०, काभ्रेपलाञ्चोक | |
| १५ | **ऋणी** : दल बहादुर चौलागाई<br>**हजुरबुवा** : मनोरथ चौलागाई<br>**बुवा** : नर बहादुर चौलागाई<br>**ना.प्र.प.नं.** ११३, काभ्रे<br>**स्थायी ठेगाना** : धुलीखेलनगर (सा.वडालगाउँ-६)<br>**हाल ठेगाना** : काठमाडौं, का.म.न.पा-५, कालोपुल | | **जमानी** : रामरत्न स्थागीत<br>**हजुरबबा** : लक्ष्मीदास स्थापीत<br>**बुवा** : हीरारत्न स्थापीत<br>**ना.प्र.प.नं.** १५७३०, काठमाडौं<br>**का.म.पा-३३, ज्ञानेश्वर** | |

| सि.नं. | ऋणीको नाम | फोटो | ऋणीको नाम | फोटो |
|---|---|---|---|---|
| १६ | **ऋणी** : संजोग दाहाल<br>**हजुरबुवा** : पदमनाथ दाहाल<br>**बुवा** : पृथ्वीराम दाहाल<br>**आमा** : अम्बीका अधिकारी<br>**पत्नी** : सुस्मिता अधिकारी<br>**ना.प्र.प.नं.** ३००९, सिन्धुपाल्चोक<br>**स्थायी ठेगाना** : बाह्रबिसे न.पा-४ (सिन्धुपाल्चोक बाह्रबिसे-७) का.म.न.पा-७, चावहिल | | **ऋणी** : पूर्णीमा देवी<br>**हजुरबुवा** : पुण्डनित ठाकुर हजाम<br>**बुवा** : सियाराम ठाकुर हजाम<br>**श्रीमान** : मुन्नीलाल ठाकुर हजाम<br>**ना.प्र.प.नं.** ३३१०४८।४२६२३<br>**स्थायी ठेगाना** : सिम्रौनगढ न.पा-८ (साविक कचोर्वा-४, वारा) | |

| सि.नं. | ऋणीको नाम | फोटो | जमानीको नाम | फोटो |
|---|---|---|---|---|
| १७ | **ऋणी** : अनिल आङबुहाङ लिम्बु<br>**हजुरबुवा** : चिनाहाङ लिम्बु<br>**बुवा** : चन्द्र बहादुर लिम्बु<br>**ना.प्र.प.नं.** १००३।१८५, ताप्लेजुङ<br>**स्थायी ठेगाना** : आठराई त्रिवेणी गा.पा.३ (हाङपाङ गा.वि.स-७)<br>**हाल ठेगाना** : काठमाडौं, का.म.न.पा-६, कपन | | **जमानी** : सीमा गुरुङ<br>**श्रीमान** : अनिल आङबुहाङ लिम्बु<br>**बुवा** : धन बहादुर गुरुङ<br>**ना.प्र.प.नं.** १०२२।२८४३, गोरखा<br>**स्थाइ ठेगानाः पालुङटार नगर -१० (मिरकोट गा.वि.स वडा नं.३)** | |
| १८ | **ऋणी** : गीता भारती<br>**हजुरबुवा** : कृष्ण बहादुर गुरुङ<br>**बुवा** : मान बहादुर गुरुङ<br>**श्रीमान** : हरिराम भारती<br>**ना.प्र.प.नं.** १०१८।९७८४०, सुर्खेत<br>**स्थायी ठेगाना** : पञ्चपुरी न.पा वडा नं.११ (साविक तातापानी-४) **हाल का.म.न.पा६, कपन** | | **जमानी** : हरिराम भारती<br>**बुवा** : मानदेव भारती<br>**ना.प्र.प.नं.** ७९२२२<br>**पासपोर्ट नं.** ०७३०७९०६ | |
| १९ | **ऋणी** : प्रतिभा श्रेष्ठ<br>**हजुरबुवा** : आनन्द श्रेष्ठ<br>**बुवा** : भवन श्रेष्ठ<br>**श्रीमान** : राघव श्रेष्ठ<br>**ना.प्र.प.नं.** ३७८५३<br>**स्थायी ठेगाना** : धनगढी-४, कैलाली का.म.न.पा-३, बुढानिलकण्ठ | | **जमानी** : राघव श्रेष्ठ<br>**बुवा** : लक्ष्मीदास श्रेष्ठ<br>**ना.प्र.प.नं.** १४८४० | |
| २० | **ऋणी** : निसा कुमारी उप्रेती<br>**हजुरबुवा** : जगत मणी उप्रेती<br>**बुवा** : टिका प्रसाद उप्रेती<br>**श्रीमान** : दामोदार पौडेल<br>**ना.प्र.प.नं.** ६९१४०, मोरङ<br>**स्थायी ठेगाना** : वनियाविर्ता-५, मोरङ<br>**अस्थायी ठेगाना** : पु. वानेश्वर-९, काठमाडौं | | **जमानी** : दामोदार पौडेल<br>**बुवा** : टंकनाथ पौडेल<br>**ना.प्र.प.नं.** ५८८८९, मोरङ<br>**स्थायी ठेगानाः** विराटनगर-१२, शिवटोल<br>**अस्थायी ठेगानाः** का.म.पा ९, बत्तिसपुतली | |
| २१ | **ऋणी** : उत्तम पाठक<br>**हजुरबुवा** : कृष्ण बहादुर पाठक<br>**बुवा** : गोकुल बहादुर पाठक<br>**आमा** : मसली पाठक<br>**ना.प्र.प.नं.** २४-०-७१-०२०१२, सिन्धुपाल्चोक<br>**स्थायी ठेगाना** : सिन्धुपाल्चोक, सांगाचोकगढी न.पा वडा नं. १०<br>**अस्थायी ठेगाना** : का.म.न.पा-७, चावहिल | | **जमानी** : संजोग दाहाल<br>**हजुरबुवा** : पदम बहादुर दाहाल<br>**बुवा** : रिखिराम दाहाल<br>**आमा** : अम्बिका दाहाल<br>**ना.प्र.प.नं.** ३००९।३०२, सिन्धुपाल्चोक<br>**स्थायी ठेगानाः** सिन्धुपाल्चोक, बाह्रबिसे न.पा वडा नं.४<br>**अस्थायी ठेगानाः** का.म.पा ९, बत्तिसपुतली | |
| २२ | **ऋणी** : ज्योती सिंह क्षेत्री (पाण्डे)<br>**ससुरा** : लोक सिंह क्षेत्री<br>**श्रीमान** : प्रकाश सिंह क्षेत्री<br>**ना.प्र.प.नं.** १२४२६७, गोरखा<br>**स्थायी ठेगाना** : दावा उपमहानगरपालिका-१४, (साविक धावा-१)<br>**हाल ठेगाना** : का.म.न.पा-७, चावहिल | | **जमानी** : प्रकाश सिंह क्षेत्री<br>**हजुरबुवा** : भगीरथ सिंह क्षेत्री<br>**बुवा** : लोकसिंह क्षेत्री<br>**ना.प्र.प.नं.** ४४५७८८६, गोरखा<br>**स्थायी ठेगाना** : दावा उपमहानगरपालिका-१४<br>**हाल ठेगाना** : का.म.न.पा-७, चावहिल | |
| २३ | **ऋणी** : यम बहादुर आले मगर<br>**हजुरबुवा** : सुकुम बहादुर मगर<br>**बुवा** : जितबहादुर मगर<br>**ना.प्र.प.नं.** १७९५, ओखलढुंगा<br>**स्थायी ठेगाना** : मानेभञ्ज्याङ गाउँपालिका वडा नं.६, थाक्ले, ओखलढुंगा<br>**हाल ठेगाना** : स्वयम्भू, काठमाडौं | | **जमानी** : अनिता कुमारी मगर (सुब्बा)<br>**हजुरबुवा** : मेघलाल सुब्बा<br>**बुवा** : भक्तबहादुर सुब्बा<br>**पति को नाम** : यमबहादुर मगर<br>**ना.प्र.प.नं.** ९७३, ओखलढुंगा<br>**स्थायी ठेगाना** : मानेभञ्ज्याङ गाउँपालिका वडा नं.६, थाक्ले, ओखलढुंगा<br>**हाल ठेगाना** : स्वयम्भू, काठमाडौं | |



## चावहिल गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**का.म.न.पा–७, चावहिल, काठमाडौं, सम्पर्क नं.०१–४५६१८५०**

### कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/०५/०३ गते*

यस संस्थाबाट तपसिल सदस्यले आफ्नो व्यवसाय सञ्चालन गर्न निम्न लिखित अचल सम्पत्ति धितो राखी लिनुभएको कर्जालाई यस संस्थासँग गरेको सम्झौता वमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले सो को पूर्ण बेवास्ता गर्दै कर्जा चुक्ता गर्न कुनै चासो नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको सम्पूर्ण साँवा, व्याज तथा अन्य दस्तुर रकम फछ्र्योट गर्न/गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ र यो सूचनाको समेत बेवास्ता गरी बस्नु भएमा यस संस्थाले प्रचलित ऐन, नियम कानून, विनियम वमोजिम धितो सुरक्षण लिलाम विक्रीको प्रक्रिया अगाडि बढाउने व्यहोरा पनि जानकारी गराइन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम | फोटो | जमानीको नाम | फोटो |
|---|---|---|---|---|
| १ | **ऋणी** : राजेन्द्र बहादुर श्रेष्ठ<br>**हजुरबुवा** : इन्द्र लाल श्रेष्ठ<br>**बुवा** : भूपाल बहादुर श्रेष्ठ<br>**ना.प्र.प.नं.** ७२५३, काठमाडौं-७, चावहिल | | **जमानी** : समा लक्ष्मी श्रेष्ठ<br>**ससुरा** : भूपाल बहादुर श्रेष्ठ<br>**बुवा** : यदुकृष्ण श्रेष्ठ<br>**श्रीमान** : राजेन्द्र बहादुर श्रेष्ठ<br>**ना.प्र.प.नं.** २७८२९, **ललितपुर** | |
| २ | **ऋणी** : उत्तम मणि नेपाल<br>**बाजे** : नारायण दत्त नेपाल<br>**श्रीमती** : लक्ष्मी नेपाल<br>**बुवा** : कृष्ण प्रसाद नेपाल<br>**ना.प्र.प.नं.** ४३४२६।११८६५१, सि.मा<br>**स्थायी ठेगाना** : इन्द्रवती गा.पा.-५ (वाडेगाउँ गा.वि.स-४, साविक) का.म.न.पा-३३, मैतीदेवी | | **जमानी** : ऋषिराम नेपाल<br>**बुवा** : कृष्ण प्रसाद नेपाल<br>**हजुरबुबा** : नारायण दत्त नेपाल<br>**स्थायी ठेगाना** : इन्द्रवती गा.पा-५ | |
| ३ | **ऋणी** : सुसिल कुमार थापा<br>**हजुरबुवा** : डम्बर बहादुर थापा<br>**बुवा** : मिन बहादुर थापा<br>**श्रीमती** : बिध्या बस्नेत<br>**ना.प्र.प.नं.** १४३०१६।३७९, उदयपुर<br>**स्थायी ठेगाना** : रौतामाई गा.पा-७ (साविक रौता-९) हाल काठमाडौं, का.म.न.पा-४, आकाशेधारा | | **जमानी** : मिन बहुर थापा<br>**बुवा** : डम्बर बहादुर थापा<br>**ना.प्र.प.नं.** २८।७३१, उदयपुर<br>**स्थायी ठेगाना** : रौतामाई गा.पा-७ (साविक रौता-५)<br>**जमानी** : बिध्या बस्नेत<br>**बुवा** : उद्धव बहादुर बस्नेत<br>**बाजे** : दल बहादुर बस्नेत<br>**ना.प्र.प.नं.** १४-०१-७२-०१२७५, उदयपुर<br>**स्थायी ठेगाना** : उदयपुर, त्रियुगा न.पा-८ | |
| ४ | **ऋणी** : राजकुमार कमलकोटी<br>**हजुरबुवा** : नर बहादुर कमलकोटी<br>**बुवा** : मेघ बहादुर कमलकोटी<br>**श्रीमती** : अनु कमलकोटी<br>**ना.प्र.प.नं.** १३१०१०।२६७, ओखलढुंगा<br>**स्थायी ठेगाना** : साविक ठूलाछापा गा.वि.स-८, हाल सिद्धिचरण न.पा-२<br>**स्थायी ठेगाना** : का.म.न.पा-७, गोपिकृष्ण | | **जमानी** : प्रकाश कार्की<br>**बुवा** : तिलक बहादुर कार्की<br>**बाजे** : वेघ बहादुर कार्की<br>**ना.प्र.प.नं.** २४-०-७२-००३७४<br>**स्थायी ठेगानाः** हेलम्बु गा.पा-७, (इचोक गा.वि.स -६) | |
| ५ | **ऋणी** : सफरन्ला मिया कवारी<br>**हजुरबुवा** : भब सहिन मिया कवारी<br>**बुवा** : इसा महमद मिया कवारी<br>**ना.प्र.प.नं.** ५९७९, रौतहट<br>**स्थायी ठेगाना** : रौतहट गौर न.पा-१३, साविक झुनखुन्वा-६<br>**हालः** काठमाडौं-६, मिलनचोक कपन | | **जमानी** : सुसील कुमार थापा<br>**बुवा** : मिन बहादुर थापा<br>**हजुरबुवा** : डम्बर ब. थापा<br>**ना.प्र.प.नं.** १४३०१६।३७९, उदयपुर<br>**स्थायी ठेगाना** : रौतामाइ गा.पा-७, साविक रौता गा.वि.स-९ | |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नि:सन्तान उपचारको नाममा नागरिक नठगिउन्

**सन्तान पाउने रहर हरेक विवाहित जोडीको हुन्छ । जब विवाह बन्धनमा बाँधिन्छ, समाजले सन्तानको माग गर्छ । यो एउटा मनोवैज्ञानिक तयारी पनि हो सन्तान जन्माउनका लागि । तर कतिपय अवस्थामा सन्तान नहुने समस्याहरू पनि देखिन्छन् । जसकारण कतिले तनाव तथा यातनासमेत भोग्नुपर्छ । जोडी सन्तान पाउन अनेकन धर्मकर्मदेखि विश्वासमा लाग्छन् । खर्च गर्न तयार हुन्छन् । प्रविधि र वैज्ञानिक अविष्कारले यसको समाधान पत्ता लगाइसकेको छ ।**

**यद्यपि, अझै यो विषय संवेदनशील छ । यही मौका छोपेर अस्पतालहरूले सर्वसाधारण ठग्ने क्रम जारी छ । यो विषयलाई व्यवस्थित बनाउन सरकारले बल्ल मापदण्ड बनाएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नि:सन्तान उपचार (आइभिएफ) सेवालाई व्यवस्थित बनाउन र नियमन गर्न 'नि:सन्तान व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी मापदण्ड, २०८२' स्वीकृत गरेको हो । यो मापदण्डले नेपालमा नि:सन्तान उपचार सेवा र यसका लागि आवश्यक प्रयोगशाला, जनशक्ति व्यवस्थापन तथा संवेदनशील मानिएको शुक्रकिट तथा अण्डा दान प्रक्रिया थप व्यवस्थित हुने मन्त्रालयको भनाइ छ ।**

**तर निजीमै प्रक्रियागत ठगी भइरहेको यो बेला सन्तान पाउने रहरमा अनेक हण्डर ठक्कर खाएकाहरूलाई सरकारी सेवा प्रदायकले अझै दु:ख दिने देखिन्छ । अहिले महिलाको अण्डा संकलनको क्रममा ठगिने घटनाहरू बढिरहेका देखिन्छ । यो मापदण्डले नि:सन्तान उपचार केन्द्रहरूको कानुनी आधारमा प्रभावकारी नियमन गर्ने दाबी मन्त्रालयको छ । त्यसैगरी नि:सन्तान उपचार सेवामा एकरूपता ल्याउने पनि बताइएको छ । नि:सन्तानपान गहिरो सामाजिक र मनोवैज्ञानिक विषय भएकोले यो सेवालाई थप सुरक्षित, पारदर्शी र अन्तर्राष्ट्रियस्तरको बनाउन मापदण्ड ल्याएको मन्त्रालयको दाबी छ ।**

**मापदण्डबमोजिम सेवा प्रदायकलाई पूर्णजिम्मेवार बनाइने र तोकिएको मापदण्ड पालना नगर्ने जोसुकैलाई कडा कानुनी दायरामा ल्याउने तयारी देखिन्छ । तर यसको कानुनी दायरा के हो ? प्रस्ट पारिएको भने छैन ।**

**यस प्रविधिबाट हुर्कने शिशुहरूको कतिको स्वस्थ हुन्छन् ? उनीहरूले पाउनुपर्ने गुणस्तरीय प्रयोगशाला कस्तो हुन्छ ? भन्ने विषयमा पनि सरकारले विशेष निगरानी राख्नुपर्छ । भ्रुणको विकासमा प्रत्यक्ष असर पार्ने प्रयोगशाला र शल्यक्रिया कक्षको वातावरणीय गुणस्तरका लागि प्राविधिक मापदण्ड तोकिएको अवस्थामा सेवा शुल्क मन्त्रालयले निर्धारण गरेबमोजिममात्र लिन पाइने भनिएको छ ।**

**यसैगरी प्रत्येक संस्थाले १० प्रतिशत सेवा गरिब तथा विपन्न वर्गलाई नि:शुल्क उपलब्ध गराउनुपर्ने पनि उल्लेख गरिएको छ । सेवाको गुणस्तर, जनशक्ति र उपकरणको अवस्थाबारे मन्त्रालयको समितिले नियमित अनुगमन गर्ने र मापदण्ड पालना नगर्ने संस्थाको अनुमति खारेज गर्नसक्ने व्यवस्था गरिएको छ । तर मिलेमतोमा यस्तो धन्दा जारी हुने आशंका बढ्दो छ । यसैले सरकारले यसमा कडा नियमन गरी मापदण्ड लागू गराएरै छाड्नुपर्छ । ताकि सन्तान पाउने नाममा नागरिक नठगिइउन् ।**

## श्रम सरोकार

### आप्रवासी कामदारका लागि अन्तर्राष्ट्रिय कानुनका केही प्रावधान

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, संयुक्त राष्ट्रसंघीय र अन्तराष्ट्रिय श्रम संगठन (आइएलओ)का विभिन्न महासन्धिहरूले आप्रवासी कामदारहरूलाई निम्न अधिकार प्रदान गरेका छन्:

- कामको अधिकार, समान कामका लागि महिला र पुरुषलाई समान ज्यालाको अधिकार
- घुमफिरको स्वतन्त्रता (एक देशबाट अर्को देशमा जान पाउने अधिकार/स्वदेश फर्कन पाउने अधिकार)
- लिंग, जाति, राष्ट्रियता आदिका आधारमा भेदभाव नगरी समानताको अधिकार
- अदालतका काम कारबाहीमा नागरिकसरह समानताको अधिकार, स्वच्छ पुर्पक्षको अधिकार
- कामका सेवा सर्तहरूमा नागरिकसरह समान व्यवहार पाउने अधिकार
- सांस्कृतिक तथा ट्रेड युनियनको अधिकार ।

**नोट:** महासन्धि अनुमोदन नगरेको राष्ट्रमा महासन्धिका व्यवस्थाहरू लागू नहुन सक्छन् । ट्रेड युनियनको अधिकार, बन्द/हडताल गर्नेजस्ता कुरामा सम्बन्धित देशको कानुन नबुझी कदम उठाउँदा धेरै नेपालीले जागिर गुमाएका छन् । यसर्थ अधिकारको प्रयोग गर्दा सम्बन्धित देशको कानुनको पालना गर्नु जरुरी हुने छ ।

### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरू

- प्राय: घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा हेरिरहेका हुन्छन् । त्यसैले होस् पुऱ्याउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिंदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदाता मात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।

# कृष्णाष्टमीको महिमा



■ पदम श्रेष्ठ

प्रत्येक वर्ष गुँलागा अष्टमी (भाद्र कृष्ण अष्टमी)का दिन कृष्ण जन्मोत्सव विविध मेला जात्राका साथ मनाइन्छ । कृष्णाष्टमीलाई छल, कूटनीतिज्ञ र कर्तव्य परायणताको पाठ सिकाउने पर्वका रूपमा द्वापरयुगदेखि नै मनाउन थालिएको हो तर नेपालमा ७५७ मा राजा सिद्धिनरसिंह मल्लले विश्वप्रसिद्ध ढुंगैढुंगाको मन्दिर पाटन दरबार अगाडि स्थापना गरेपछि कृष्णको महिमा व्यापक बन्न गएको छ । महाभारत र रामायणका झाँकी अति कष्टका साथ कलात्मक ढुंगले ढुंगामा कुँदी उठाइएको कृष्णमन्दिरभित्र मूलदेवता भने कृष्ण र सत्यभामा (राधा होइन) छन् । मन्दिरको चारैतिर ढुंगाको विष्णुका दशौं अवतार (मत्स्य, कुर्म, वराह, नृसिंह, वामन, राम, श्रीराम, कृष्ण, बुद्ध, कल्की) प्रतिष्ठापित छन् ।

*हे प्रभु कृष्ण !*
*शरणे जी वयाम्ह, मेपिं सुं मरु छ्पिं न्याम्ह-हे प्रभु राम !*
*धर्म व कर्म सेवा भावं, पूजा पाठचा लं क्यना: विम्ह*
*नांजक कासाँ तरे नाया: छ्वइम्ह/मेपिं/हे प्रभु,*
*गीता ज्ञान र नुगलय वय्का: भक्तया भाव प्रभु वं थुइका:,*
*करुणा दृष्टि शरणे काइम्ह/मेपिं/हे प्रभु*

गणेश अपारद्वारा लिखित कृष्णभक्ति संगीत उपत्यकाका विभिन्न भजन मण्डली जात्रा, पर्व, दबू प्याखँ, झाँकी प्रदर्शनीका बेला गाइने बजाइने गर्दछ । प्रसिद्ध कृष्णलीलामध्ये पाटन कृष्णमन्दिर अगाडि नचाइने नृसिंह हिरण्य बधलीला, फर्पिङ र चित्लाङको कति प्याखँ गणनृत्य उपत्यकाको अमूर्त सम्पदा मानिन्छ । त्यसैगरी विविध सम्प्रदायमा विभक्त नेवारलाई एकै मञ्चमा ल्याउन राजा सिद्धिनरसिंह मल्लका शिक्षा गुरु हरिवंश उपाध्यायले रचेको आत्मिक जागरणका रूपमा कृष्णाष्टमीदेखि हप्ताभर गाइने बजाइने गर्दछन्, उपत्यकामा । प्राचीनकालमा काठमाडौं उपत्यका प्राकृतिक, किराँत, शैव र बौद्ध चार सम्प्रदायमा विभक्त भूमि थियो । ने.सं. ५७५ मा राजा सिद्धिनरसिंह मल्लले पाटनस्थित दरबार अगाडि विश्वविख्यात् २१ गजुरयुक्त ढुंगैढुंगाको कृष्णमन्दिर निर्माण गराइ कति प्याखँको प्रबन्ध गऱ्यो । लिच्छविकालमा बौद्ध सम्प्रदाय सँगसँगै भुइजसी (बूढानीलकण्ठ), चाँगुनारायण, शेषनारायण, इचंगुनारायण र विशंखु चार कोणमा चार नारायण निर्माण हुनुका साथै चार नारायण सिइक बनेगु भन्दै मेला लाग्ने प्रचलन ठूलो एकादशीमा भए पनि पाटन कृष्णमन्दिर बनेपछि ढुंगै ढुंगाको कलाकृतिले विश्वको ध्यान आकृष्ट भयो ।

*यदा-यदाहि धर्मस्य ग्लानिर्भवति भारत ।*
*अभ्युत्थानं...धर्मस्य तदात्मानं सृजाम्यहम् ।।*
*परित्राणाय साधुनां विनाशाय च दुष्कृताम् ।*
*धर्म संस्थापनार्थाय संभवामि युगे-युगे ।।*

जब जब धर्मको लोप भई पाप वृद्धि हुँदै जान्छ, साधुको रक्षा र दुष्टको नाश गरी धर्मस्थापना गर्न म युगयुगमा जन्म लिइरहने छु भन्ने गीतामा श्रीकृष्णले दिएको सन्देशको प्रभावले उपत्यकावासी झनै प्रभावित भए । फलस्वरूप फर्पिङ ख्वाबुँका बलामी समाजमा रोग/अनिकाल शान्त गर्न कृष्णाष्टमीको भोलिपल्ट अस्वारी, सिपाही, ताम्सिङ, मोक्सिङजस्ता नेवार देवी/देवताका साथ कृष्णलाई भित्रचाएर गणनृत्य चलाइदिए । राजा प्रताप मल्लले ने.सं. ७७२ मा मृत्यु भएकी आफ्नी प्रिय रानी राजमतीको मृत्युमा भावविह्वल हुँदै हनुमानढोका अगाडि च्यासी कृष्णदेगल निर्माण गराए भने एउटै रुखबाट बनेको काष्ठमण्डप निर्माणपछि बचेका काठबाट सिंल्यो सत: (सिंह सतल) त बन्यो मरु गणेशस्थानमा, उक्त सतलमा हरिकृष्ण देवताको धातु मूर्ति धर्मनारायण मानन्धरले ने.सं. ११०४ मा राणा शासकको स्वीकृति लिई राखेका थिए ।

कृष्णलाई छली राजनीतिज्ञका रूपमा पनि लिने गरिन्छ । किनकि किराँती राजा यलम्बरलाई महाभारत युद्ध हेर्न जाँदा छली कृष्णले छलगरी टाउको काटिदिएको आख्यान छ । कौरव र पाण्डवबीचको युद्धमा जो हार्छ उसैको पक्षमा लड्ने भन्दै नेपालबाट कुरुक्षेत्र पुगेका राजा यलम्बर हार्नेको पक्षबाट लडिदिए युद्ध कहिल्यै अन्त्य नहुने हृदयंगम् गरी कृष्णले छल गरी शिर छेदन गरिदिए । त्यसबाट विक्षिप्त जनताले आजुद्यः (पुर्खा देवता)को टाउको इन्द्रचोकमा मन्दिर बनाई स्थापना गरे भने इन्द्रजात्राको बेला सार्वजनिक प्रदर्शनी गरिन्छ । यस्ता अनगिन्ती स्मरणकथा गुथ्दै कृष्णाष्टमी देशभर मनाइन्छ ।

## कृष्णाष्टमी जात्रा (पाटन)

प्रत्येक वर्ष गुँलागा अष्टमी (भाद्र कृष्ण अष्टमी) का दिन कृष्ण जन्मोत्सव विविध मेला जात्राका साथ मनाइन्छ । कृष्णाष्टमीलाई छल, कूटनीतिज्ञ र कर्तव्य परायणताको पाठ सिकाउने पर्वका रूपमा द्वापरयुगदेखि नै मनाउन थालिएको हो तर नेपालमा ७५७ मा राजा सिद्धिनरसिंह मल्लले विश्वप्रसिद्ध ढुंगैढुंगाको मन्दिर पाटन दरबार अगाडि स्थापना गरेपछि कृष्णको महिमा व्यापक बन्न गएको छ । महाभारत र रामायणका झाँकी अति कष्टका साथ कलात्मक ढुंगले ढुंगामा कुँदी उठाइएको कृष्णमन्दिरभित्र मूलदेवता भने कृष्ण र सत्यभामा (राधा होइन) छन् । मन्दिरको चारैतिर ढुंगाको विष्णुका दशौं अवतार (मत्स्य, कुर्म, वराह, नृसिंह, वामन, राम, श्रीराम, कृष्ण, बुद्ध, कल्की) प्रतिष्ठापित छन् । नेपाल भाषाको रञ्जना लिपिमा विवरण कोरिएको कृष्णमन्दिर निर्माणबारे आख्यानुसार राजालाई मेरो र सत्यभामाको मूर्ति भण्डारखाल बगैंचा छ, निर्माणाधीन मन्दिरमा स्थापना गर्नु भन्ने आज्ञा भएछ । सोही आज्ञामुताविक राजाले महादेवको मन्दिर निर्माण गरेको ठाउँमा शिक्षागुरु विश्वनाथ शर्माले मूर्ति प्रतिष्ठापित गराई ठूलो मेलासमेत लगाए । कृष्णाष्टमीको रात जाग्राम बसी राष्ट्रप्रमुखको उपस्थितिमा पुजा गर्दछ ।

## च्यासिकृष्ण हनुमानढोका र जात्रा

पाटनमा जस्तै कलात्मक काठमाडौंको हनुमानढोका दरबार अगाडि ने.सं. ७६९ मा च्यास (आठकुने) कृष्णमन्दिर निर्माण गरिएको छ । राजा प्रताप मल्लकी ३० वटी रानीमध्ये सर्वाधिक प्रिय दुईवटी राजमती र अनन्तप्रियाको एकैपल्ट देहान्त हुँदा भावविह्वल राजाले आफूलाई कृष्ण र रानीहरूलाई राधिकाहरूको प्रतिकृति स्वरूप स-सानो कलात्मक मूर्ति निर्माण गरी च्यासिकृष्ण मन्दिर निर्माण गराए ।

जुन कृष्णको नाउँमा कृष्णाष्टमीको भोलिपल्टदेखि थालिने च्यासिंकृष्ण खटजात्रा बन्द भइसकेको थियो तर काठमाडौं दरबार स्क्वायर ल्किनिङ क्लबका अध्यक्ष राजेश श्रेष्ठ र उनकी धर्मपत्नी तथा नेपाली कांग्रेसकी समानुपातिक सांसद राज्यलक्ष्मी श्रेष्ठको पहलमा पुन: सञ्चालनमा ल्याएको थियो । मन्दिरको चारैतिर अतिक्रमण गरिएका जग्गाको पर्खाल भत्काएर देवस्थललाई खुला सफाइ र पुनर्निर्माण कार्यका लागि पनि यस क्लबको ठूलो योगदान रहेको स्थानीय बताउँछन् ।

## सिल्यो सत्तः र कृष्णनारायण जात्रा

काष्ठमण्डप निर्माणपछि बाँकी रहेको काठले निर्माण भएको सिल्यो सत्तः सिंह: सतल बन्नुको प्रख्यात् तथ्यकथा छ । ने.सं. २६२ मा मरुसत: (काष्ठमण्डप) एउटै रुखको काठले बनिसकेपछि बाँकी काठको सिल्यो सत: त बन्यो तर कुनै देवताको प्रतिनिधित्व थिएन । ने.सं. १०४० मा सँगैको तहबिल निवासी धमना सायमी (धर्मनारायण मानन्धर)को घर आगलागी भई नयाँ घर बनाउन जग खन्दा कृष्णनारायणको चार हातसहित धातु मूर्ति भेटे छन् । तत्कालीन राणा सरकारसँग स्वीकृति लिई भेटिएको कृष्णनारायण मूर्तिका साथ चार कुनामा चारवटा उडिरहेको सिंह स्थापना गरी सिल्यो सत:(काठ बाँकी पाटी)नै सिंहसतल हुन पुगेको हो । जहाँ पञ्चायतकालसम्म ठूला-ठूला नाम चलेका संगीतज्ञकासाथ भजन- हुनुका साथै प्रत्येक वर्ष कृष्णाष्टमीका दिन खटजात्रा हुन्थ्यो तर वर्तमानमा छैन ।

## पाल्पा रणउजेश्वरी भगवती जात्रा

देशभर कृष्णाष्टमीमा पाल्पाको रणउजेश्वरी भगवतीलाई राँगा बलि दिई खटजात्रा हुन्छ । मध्यराति देवी पूजा गरी महिषासुरको प्रतीक राँगा, बोका, भेडा, हाँस, कुखुरा बलि दिई दाफा भजनका साथ भगवतीको भव्य जात्रा हुन्छ । गुलागा नवमी (कृष्ण अष्टमीको भोलिपल्ट) रातभर देवा बोक्नेलाई राँगाको मासु राखी भोज खुवाइन्छ । भोजपछि खट बोक्नेलाई बेताली बाँधी रातो अबिर दलेर दिउँसोको रणउजेश्वरी देवीको सिन्दुरे जात्रा हुने गर्दछ । प्रहरीको तोप बढाइका साथ ढोलक, झ्याली, पञ्चेबाजा, बौद्धबाजा बजाउँदै देश जात्राबारे प्रख्यात् आख्यान युद्धसँग जोडिएको पाइन्छ ।

इस्वी संवत् १७३४ देखि १७९७ सम्म नेपाल अंग्रेज युद्ध हुँदा पाल्पाका बडा हाकिम कर्णेल उजीरसिंह थापाले तानसेनस्थित भगवतीसँग प्रार्थना गरेछन् कि युद्धमा जिते राजकीय सम्मान गर्ने छु । यति भन्दै बुटवलको तिनाउ नदीवारि नै मणिमुकुन्द सेनको दरबार भग्नावशेषमा किल्ला बनाई चलाखीपूर्वक दुईपल्टसम्म जनरल उडलाई युद्धमा हराउन सके भने इस्वी संवत् १८१६ मार्च ३ तारिखका दिन भएको सुगौली सन्धिपछि मन्दिर निर्माण गरी राजकीय सम्मानका साथ जात्रा चलाए । गुभाजू वज्राचार्य पुजारी रहने रणउजेश्वरी (युद्धमा जितेर उजेश्वर सिंहले स्थापना गरेको) देवीजात्रा पाल्पाकै मौलिक बन्न पुगेको पाइन्छ । यसै दिन यहाँ काजी अमरसिंह थापाले चलाएको लक्ष्मीनाराण खटजात्रा छुट्टै हुने गर्दछ ।

## गणेश जात्रा

यहाँ पनि उपत्यकामा जस्तै श्रीनगर डाँडाको सिद्धिविनायक, टक्सार गणेश, मखन गणेश, तहबिल गणेश छन् । यहाँ गणेशजात्रा गर्न काठमाडौंबाट पाल्पा गौंडामा कार्यरत राइटर मोतिमानले जर्नेल ज्याद शमशेरले देख्ने गरी दाह्री लामो-लामो बनाएर बसेछन् । दाह्री पाल्नुको कारण सोध्दा सिद्धिविनायकको जात्रा गर्न आफूले तप गरेको बताएछन् । यसबाट प्रभावित ज्याद शमशेरले प्रत्येक सिपाहीको तलबबाट एक रूपैयाँ कटाई एक हजार ८०० रूपैयाँ र ४० मुरी धान फल्ने खेत राखी प्रत्येक वर्ष गुँलागा द्वितीयाका दिन जात्रा चलाएको भनाइ छ ।






✍ बैकुण्ठ भण्डारी

# म गएँ अब भाउजू !

ऊ परदेश पुगिसकेको छ । सात समुद्र पार गरी अर्काको आँगनमा टेके पनि आफ्नो माटोलाई सम्झँदै फेरि फर्की आउँछु भन्दै मुहारपुस्तिकामा सबैलाई सन्देश बाँड्छ । उसले सबैलाई सन्देश त्यसै कहाँ बाँडेको हो र, स्वदेशमा भएर बाँडेको पनि होइन ! परदेश, त्यसमा पनि सबैले पत्याएको सामन्तवादी देश । सबैलाई हप्काइ दप्काइ गर्ने ठूलदाइ बनि टोपलेको देशमा पुगेर । पहिले पनि ऊ त्यही धनी सामन्ती साहुको देशमा गएर फर्केको थियो । मटचांग्राले काइँलोलाई अब त सामन्तीको घरमा फर्केर पनि जान्न भन्न त सकेको थिएन । तर जुनसुकै बेला पनि आवतजावत गर्ने स्वीकृति सामन्ती शासकबाट हात पारेको थियो । उसले मात्र होइन उसका सपरिवारले नै सो स्वीकृत लिएर बसेका थिए ।

मटचांग्रो भन्दै थिए- मान्छे असल थियो । गाउँका आधुनिका सामन्तका दासहरूबाहेक सबैले उसको प्रशंसा पनि गरेकै थिए । कर्ममा विश्वास गर्ने भएरै होला सबैले माया गरेको । तर उसमा घर प्रेम रहेन छ । दाजु भाउजूको रिसले सारा गाउँलेको माया चटक्क मारेर हिडचो ! गाउँलेको माया यसरी मार्दा पनि गाउँलेहरू उसैको प्रशंसा गरिरहेका थिए ।

गाउँ न हो । कोही कता फर्केका हुन्छन् कोही कता फर्केका हुन्छन् । अब अहिले त हरेक घरले नेता जन्माएको छ । गाउँका मुखियाले त झोले नै नामाकरण गरिदिएका छन् । अनि कतिपय गाउँलेहरू आफूलाई झोले भन्नमा नै मख्ख छन् । त्यही झोलेहरूकै कारण हरेक घरघरमा अंशबण्डाको झमेला छ । ऊ पनि त्यही अंशबण्डाको चपेटामा पऱ्यो । अनि सोचेको जस्तो अंश भाउजूका कारण दाइले दिएनन् भन्दै गाउँ नै छाडेर हिंडचो । गाउँ नै छाड्नुपर्ने त थिएन सबैले भन्दै थिए ।

पानी पटाउने कुलो नै त थियो । माथिल्लो गराबाट भरिएपछि त पक्कै उसकै खेतमा पुग्थ्यो होला नि कुर्न सकेन । ऊ जानकार थियो । मौकामा चौका हान्न पनि सिपालु थियो । यसरी कुर्नुभन्दा पारि गाउँको सामन्तकै घर ठीक छ । मेरो घरमा त के छ र ? उही बाउले बनाइदिएको टायले छानोको पुरानो घर त हो । बाउले बनाइदिएको छायले छानोको घर छाडेर उही सामन्तीको बलियो घरमा पुग्यो ।

उसले बाउले बनाइदिएको पुरानो घर छाडेको त्यत्तिबेला थाहा भो । जब उसले मुहारपुस्तिकामा अंशबण्डामा खोजेका बारीको पाटो पाइन् भन्दै बारीको पाटो नै नपाएपछि घर छाडे भाउजूलाई सम्झँदै चिट्ठी लेख्यो । उसको चिट्ठीमा वास्तविकता थियो, अनि व्यक्तिगत स्वार्थ पनि छछल्किन्थ्यो । अंशबण्डाका नाममा कसरी अन्याय हुन्छ भनेर ।

उसले लेखेको चिट्ठी एक कान, दुई कान, मैदान भयो । वल्लो गाउँदेखि पल्लो गाउँमा हल्ला मच्चियो । सबैले कठैबरा अंशबण्डामा परेछ भने । ऊ थरीको घरमा पुगिसकेको थियो । किनकि, थरीको घरमा सहजै जान मुस्किल थियो । ठूलठूला भोटेकुकुर पालेको थियो । सामन्ती थरीले सारा गाउँलेलाई दास बनाइरहेको थियो । दाजुभाउजूको रिसले ऊ पनि दास बन्न नै खुसी थियो ।

हुन त उसलाई पहिले नै दासत्वको प्रमाणपत्र दिइसकिएको थियो । त्यो प्रमाणपत्र पाएपछि थरीको आँगनमा जान कुनै रोकतोक हुँदैनथ्यो । त्यही भएर होला । उसले दाजुभाउजूबाट भनेजस्तै अंश पाए बाउकै पुरानो घर सम्हाल्छु । भनेजस्तै अंश नपाए उही सामन्तीको आँगनमा फर्कन्छु । के जान्छ र भन्ने सोच राखेको थियो ।

चौतारीमा मटचांग्रे काइँला, मणि नभएको चन्द्र अनि रुद्रसँगै थिए ।

रुद्रले सोधे 'खास के भएको रहेछ ?'

मणिले भन्दै थिए, 'खै मैले सुनेको भाउजूले राम्रो अंश दिन्छु भनेर नदिएकाले घर छाडेको रे !' अनि रुद्रले फेरि भने, 'अंश पाइनँ भन्दैमा बाउबाजेको घर नै छाडेर जान्छन् त ?' खै मैले त बुझ्नै सकिन । गाउँभरिकाले मानेका मान्छे यसरी दाजुभाउजूको रिसले नहिँडेको भए नै हुन्थ्यो क्यार ? मुखिया नै हुनुपर्ने हो र ?

मणि अनि रुद्रको कुरा सुनेर मटचांग्रो मुसुमुसु हाँसिरहेको थियो । उनको मन्द हाँसो खपिसक्नु भएन छ क्यार मणिले सोधे, 'किन हो हाँसिरहेका छौ त ?' फुक्लेका दाँत देखाउँदै भने ।

कहिले काँही चौतारीमा बस्दा पनि हाँसो लाग्ने रैछ । 'पहिले पहिलो न्याय दिने चौतारी हो यो । तर अहिले अन्याय, अत्याचार र व्यक्तिगत स्वार्थबाहेक केही पनि भेटिन' त्यही भएर हाँसेको बुझिस् !

मणिले के बुझ्यो कुन्नि खित्का छाडचो । हुन त ऊ जस्तोसुकै कुरालाई पनि खित्का छाडेर हाँसिदिने बानी भएकाले पनि होला । नबुझे पनि बुझेको छु, नजाने पनि जानेको छु भन्दै चौतारीमा गफ दिन थालेकै दुई दशक नै भइसक्यो ।

मटचांग्राले सोध्यो, 'यो खित्का नै छाडे हाँस्नु पर्ने कुरा हो र ? '

मणि बोलेन ।

मटचांग्रो फेरि भन्यो, 'आफ्नो स्वार्थ पूरा भए सब ठीक नभएर बेठिक भन्ने हाम्रा विद्वानहरूबाट हाम्रा भावी पुस्ताले के सिक्छन् ?' हाँसोमै उडाइदिने । ऊ गयो भनेर चित्त दुखाउनुपर्ने कारण नै छैन । ऊ गयो त गयो आफ्नो स्वार्थ पूरा नभए गयो भन्न सक्नुपर्छ ।

मणिले अलि मुख खोलौलाजस्तो गरी भन्यो, हुन त हो ।

मटचांग्राले फेरि झटारो हाने, 'के हो नि फेरि कुरै नबुझी पिपलपाते बनेर हो रे, के हो ? लौ भन ।'

ऊ बोल्न सकेन ।

'कुकुरको पुच्छर ढुंग्रामा राख्यो भने सीधा होला तर तिम्रो बुद्धि कहिल्यै सुध्रने भएन,' एउटा दासत्व फालेर अर्को दासत्व स्वीकार गर्नेलाई के भन्ने ? मणिले भन्यो ।

'अनि कुरा के हो त त्यसो भए?' रुद्र बोले ।

'दुवै हातमा लड्डु' मटचांग्रोले भने ।

मैले त कुरै बुझिन ? रुद्रले पनि जिज्ञासा राखे ।

तपाईंले बुझ्न सक्नु हुन्न ! । यहाँ सव आआफ्नो स्वार्थका लागि प्रयोग गरिरहेका छन् । दाजुभाउजूको अंशबण्डाको रिसमा ऊ गयो । ऊ जस्तो हजारौं गएका छन् । ऊ छिमेकीको स्वीकृति लिएर बसेको थियो । पाए खान्छु, नपाए जान्छु भने । त्यसकारण गयो । राम्रो अंशबण्डा पाइन त्यसकारण हिँडे भाउजू भन्दै ऊ गयो । उसको स्वार्थ थियो । तर अरुले यहाँ झोले तिर्घे लेण्डुपहरूको गतिविधि देखेर विनास्वार्थ गए । कसैलाई दोष पनि दिएनन् । ऊ अंश पाइनँ त्यसकारण हिँडे भन्दै गए । त्यत्ति हो फरक । यस्ता स्वार्थीहरूले आमा बूढी भइन् त्यसकारण परिवर्तन गरौं भन्न पनि सक्छन् । यस्ता त गएकै ठीक । मटचांग्राले अलि बढी नै ठोके । बुझेर वा नबुझेर रुद्रले त्यसै ताली बजाए । उसले बजाएको सुनेर चौतारमा बसेका अरुले पनि ताली बजाए ‼

# सेवा बढाउँदै भक्तपुर क्यान्सर अस्पताल

**काठमाडौं–** सरकारी तवरबाट सञ्चालित भक्तपुर क्यान्सर अस्पतालले क्यान्सर उपचारमा आफूलाई अब्बल बनाउँदै लगेको छ । अस्पतालले क्यान्सर उपचारका लागि विदेश जान नपर्ने गरी आफ्नो सेवा विस्तार गरेको छ ।

अस्पतालले 'ब्रेन'मा हुने क्यान्सर उपचार पद्धतिदेखि उपचारमा अत्याधुनिक उपकरण जडान गर्न सफल भएको छ । जसले गर्दा बिरामीलाई नेपालमा उपचार गर्न सहज भएको छ ।

अस्पतालका कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसेले क्यान्सर रोगको उपचार सबै किसिमको उपलब्ध गराउनका लागि आफूहरू प्रयासरत रहेको बताए । 'हामीले अस्पतालमा आएका बिरामीलाई यही नै सबै उपचार गर्न सक्षम हुने तरिकाले सेवासुविधामा विस्तार गरेका छौं,' उनले भने, 'बिरामीलाई गुणस्तरीय सेवा दिनका लागि क्यान्सरका प्रविधिहरू जोड्दै लगेका छौं ।'

कार्यकारी निर्देशक डा. चासिलेका अनुसार अस्पतालमा 'फ्लोसाइटो मेट्रिक प्रविधि,' 'क्लिया' सिस्टोस्कोप, इन्डोस्कोप, सिटीस्क्यान, अपरेटिङ न्युरोमाइक्रोस्कोप र सि-आर्म एक्स-रे प्रणालीको विस्तार गरिएका हुन् ।

नयाँ सेवाबाट क्यान्सरको प्रारम्भिक अवस्था, रगत क्यान्सर, पेटको आन्द्राको समस्या र मस्तिष्कको 'टचुमर'को उपचारमा बिरामीलाई सजिलो हुने छ । अस्पतालले हालै 'फ्लोसाइटो मेट्रिक प्रविधि' भित्र्याएको छ । यस प्रविधिले रगतको माध्यमबाट क्यान्सर रोग पत्ता लगाउने गर्दछ । सो प्रविधि अब चाँडै नै सञ्चालनमा ल्याउने अस्पतालका कार्यकारी निर्देशक डा. चालिसेले जानकारी दिए ।

'रगत क्यान्सर कस्तो प्रकारको हो, कुन औषधि चलाउने ठीक हुन्छ भन्ने कुरा उक्त प्रविधिबाट थाहा हुन्छ,' उनले भने, 'हामीले अस्पताललाई बिस्तारै प्रविधिले सुसज्जित बनाइसक्यौं । क्यान्सरको उपचार गर्न विदेशमा जान नपर्नेगरी सेवा विस्तारमा लागेका छौं ।'

यस्तै, अस्पतालले 'बायो क्यामेस्ट्री' प्रविधि पनि भित्र्याइसकेको छ । उक्त प्रविधिले बिरामीलाई कति प्रतिशत 'किमो' दिने भन्ने जाँच गरिन्छ र सोहीअनुसार किमो प्रदान गरिने अस्पतालका कार्यकारी निर्देशक डा. चालिसेले जानकारी दिए । यस्तै 'क्लिया' प्रविधिले शरीरमा 'टचुमर मार्कर' पत्ता लगाउने गर्दछ । यस प्रविधिले कहाँसम्म क्यान्सर फैलिएको छ भन्ने पत्ता लगाउने गरेको कार्यकारी निर्देशक डा. चालिसले जानकारी दिए ।

यस्तै 'सिस्टोस्कोप' प्रविधि पनि अस्पतालले भित्र्याउन सकेको छ । जसले मूत्रथैलीमा हुने क्यान्सर उपचार प्रणालीका बारेमा जानकारी दिन्छ । विशेषगरी सिस्टोस्कोपमार्फत मूत्रनली र मूत्रथैलीको अवस्था हेर्न सकिने छ । 'इन्डोस्कोप'ले पेट र आन्द्राको अवलोकन सहज बनाउने छ । 'अपरेटिङ न्युरोस्कोप'ले मस्तिष्क र मेरुदण्डको जटिल शल्यक्रियालाई सम्भव बनाउने छ । 'सिआर्म एक्स'रे मेसिनले एक्स-रेमार्फत वास्तविक समयमै छायाँ हेरेर सर्जरी गाइड गर्न सकिने छ ।

अस्पतालका कार्यकारी निर्देशक डा. चालिसेले सेवा विस्तारले रोगको जटिल अवस्था नपर्खीकन प्रारम्भिक अवस्थामा नै यसको सही निदान गर्न सक्षम भएको बताए । यसले उपचारको सफलतामा उल्लेखनीय वृद्धि ल्याउने उनको भनाइ रहेको छ ।

अस्पतालले चार शयचाको सघन उपचार कक्ष (आइसियू) सहित सात शयचाको 'डे केयर' र वार्डसहित १५ शयचासहितको बाल क्यान्सर वार्ड सञ्चालनमा ल्याएको छ । निजी अस्पतालभन्दा भक्तपुर क्यान्सर अस्पतालमा करिब चार गुणा सस्तो बिरामीको उपचार हुने गरेको अस्पतालको दाबी छ । निर्देशक डा. चासिलेका अनुसार स्तन क्यान्सरको उपचारबाहिर निजी अस्पतालमा गर्दा करिब पाँच लाख रूपैयाँ लाग्ने गरेकामा भक्तपुर क्यान्सर अस्पतालमा गर्दा एक लाख रूपैयाँसम्म लाग्ने गर्दछ ।

यसैगरी, 'रेडियोथेपारी' बाहिर निजी अस्पताल गराउँदा पाँच लाख रूपैयाँसम्म लाग्ने गरेकामा अस्पतालमा भने एकदेखि एक लाख ५० हजार रूपैयाँमा गरिन्छ । अस्पतालका लागि एमआरआई, रगत क्यान्सर रोगको उपचारका लागि 'बोन म्यारो प्रत्यारोपण'जस्ता सेवा थप्न सके बिरामीलाई अझ उपचार दिन सकिने उनको भनाइ छ ।

यस्तै, अस्पतालले २५६ स्लाइस क्षमताको 'सिटीस्क्यान' थप्न सफल भएको छ । उक्त प्रविधिले दिनमा ३० देखि ३५ जना बिरामीको सिटीस्क्यान गर्न सकिने कार्यकारी निर्देशक डा. चालिसेले जानकारी दिए ।

यसैगरी, अस्पतालले टाउको तथा घाँटीसम्बन्धी क्यान्सरको उपचार गर्न दन्त तथा मुख रोग विभाग तथा स्तन क्यान्सर उपचार गर्न छुट्टै वार्ड सुरू गरेको छ । अस्पतालमा अहिले दैनिक ७०० जना बिरामी आउने गरेका छन् । तीमध्ये ३०० जनाबाहेक सबै क्यान्सरका बिरामी रहने गरेको उनले जानकारी दिए । अस्पतालमा दैनिक सातदेखि आठ जनासम्म बिरामीको शल्यक्रिया हुने गरेको छ । पाँचवटा 'अप्रेसन थियटर,' १५ शयचाको शल्यक्रिया कक्षसहित अस्पतालमा १५० शयचा रहेको छ । *रासस*

## जापानिज इन्सेफ्लाइटिसबाट एक जनाको मृत्यु

**नवलपरासी (प्रस)–** नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा लामखुट्टेको टोकाइबाट लाग्ने रोग 'जापानिज इन्सेफ्लाइटिस'बाट एक पुरुषको मृत्यु भएको छ ।

मध्यविन्दु नगरपालिका-१ पतवारी निवासी ५२ वर्षीय पुरुषको जापानिज इन्सेफ्लाइटिसबाट मृत्यु भएको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का सूचना अधिकारी छविलाल सुवेदीले बताए । 'जिल्लामा चालु आर्थिक वर्षमा चार जनामा जापानिज इन्सेफ्लाइटिस पुष्टि भएकोमध्ये एक जनाको निधन भएको छ,' उनले भने, 'बाँकी तीन जना उपचारपछि घर फर्कनुभएको छ ।' साउन महिनामामात्र जिल्लामा चार जनामा जापानिज इन्सेफ्लाइटिस पुष्टि भएको हो । बिरामीमध्ये तीन जना कावासोती नगरपालिकाका रहेका छन् । जसमध्ये वडा नं १ की ४४ वर्षीया महिला, वडा नं ३ की ८३ वर्षीया महिला र वडा नं ६ का ५२ वर्षीय पुरुष रहेको प्रदेश जनस्वास्थ्य कार्यालयका ल्याब टेक्निसियन निरीक्षक डिल्लीराम तिवारीले बताए । 'तीन जना संक्रमितहरू उपचारपछि घर जानुभएको छ । संक्रमितहरूको घरपरिवारको लक्षण भए/नभए निगरानी गरिएको छ,' उनले भने, 'संक्रमितहरूको घरपरिवारमध्ये पाँच जनाको नमूना संक्लन गरी परीक्षणका लागि काठमाडौं पठाएका छौं ।'

जिल्लामा पछिल्लो वर्ष जापानिज इन्सेफ्लाइटिस संक्रमितको संख्या बढ्दै गएको छ । यसको लक्षण देखिएका बिरामीहरूको नमूना संक्लन गरी परीक्षणका लागि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकु लगिएको ल्याब टेक्निसियन तिवारीले जानकारी दिए । 'मध्यविन्दु प्रादेशिक अस्पताल डण्डाबाट एक, विनयी त्रिवेणी आधारभूत अस्पतालबाट एक र संक्रमितको घरपरिवारका सदस्यहरू पाँच जना गरी सात जनाको नमूना संक्लन गरी परीक्षणका लागि टेकु लगिएको छ,' उनले भने ।

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा आर्थिक वर्ष २०७९/८० मा सात जनामा जापानिज इन्सेफ्लाइटिस पुष्टि भएकामध्ये पाँच जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयको तथ्यांक्मा देखिएको छ । त्यसैगरी, आर्थिक वर्ष २०८०/८१ मा आठ जनामा संक्रमण भएकामध्ये एक जनाको मृत्यु भएको थियो भने गत आव २०८१/८२ मा दुई जनामा संक्रमण भएकामध्ये दुवै जना उपचारपछि निको भएका थिए ।

जिल्लामा चालु आवको सुरूआतसँगै रोग देखिएपछि स्थानीय तहमार्फत जनचेतनामूलक अभियान सञ्चालन गर्न थालिएको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का प्रमुख शैलेन्द्रकुमार सिंहले बताए । 'जापानिज इन्सेफ्लाइटिस क्युलेक्स भन्ने लामखुट्टेबाट सर्ने रोग हो, यी लामखुट्टेहरू मध्यम आकारका, खैरो रङको र पेटतिर भने सेतो चिह्नहरू भएका हुन्छन्, तिनले प्रायः घाम ढल्केपछि र अँध्यारो भएपछि टोक्ने गर्दछन्,' उनले भने, 'विशेषगरी धानबालीमा जमेको पानी यस लामखुट्टेको प्रमुख बासस्थान हो, साउन, भदौ र असोजमा जापानिज इन्सेफ्लाइटिस बढी देखिने गर्दछ ।'

यस रोगबाट धेरै व्यक्तिहरू गम्भीर बिरामी नहुने गरे पनि केहीको गम्भीर अवस्था सिर्जना भई दिमागलाई नै असर गरी मृत्यु हुने गरेको प्रमुख सिंहले बताए । 'यस रोग लाग्दा धेरैजसोलाई ज्वरो, झाडापखाला, बान्ता, थकित हुने, गर्दन दुख्ने, घाँटी दरो हुने, टाउको दुखाइ वा कमजोरी देखिन्छ,' उनले भने, 'यस रोगका खतराका लक्षणहरू छारे रोग, प्यारालाइसिस र अचेत हुनु पनि रहेको छ ।'

---

**बैतडी शिक्षा क्याम्पस**
**(त्रिभुवन विश्वविद्यालय सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस)**
**स्थापित २०६६**
**शाहिलेक, बैतडी**
**सुदूरपश्चिम, प्रदेश नेपाल**

### Invitation for Bids

**First Date of publication: 2082/05/03 (19-08-2025)**

Baitadi Shikshya Campus Shahilek, Baitadi invites electronic bids from Nepalese eligible bidders under NCB procedures for the Following Works:

| S.N | IFB No. | Description Of Works |
|---|---|---|
| 1. | BSC/NCB/ Works/01/2082-83 | Construction of Baitadi Shikshya Campus First Floor Building |

Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details.

**Campus Chief**

---

**युएइमा रोजगार** कम्पनी : **LE SOLEIL LADIES SALON**

पूर्व स्वीकृति मिति : २०८२/०५/०१ | LT. No. 329491 | चलानी नं. ६०२४३३२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dress/Hair Stylist | 1 | 0 | 1500 | ५७,०७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MANICURIST/NAIL TECHNICIAN | 1 | 0 | 1500 | ५७,०७४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १० गते (26th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

---

**साउदीमा रोजगार** कम्पनी : **Meral Arab Industrial Company**

पूर्व स्वीकृति मिति : २०८२/०५/०१ | LT. No. 329493 | चलानी नं.६०२४३३३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६७,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १० गते (26th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**J.P. Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. १२५७/०७४/०७५
Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-449085, E-mail:jpoverseasnp@gmail.com, Web:www.jpoverseasnepal.com

---

**साउदीमा रोजगार** कम्पनी : **Resto Burger Establishment**

पूर्व स्वीकृति मिति : २०८२/०५/०२ | LT. No. 329524 | चलानी नं. ६०२४३३४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३७,२३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १० गते (26th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.**
LIC No. 842/066/067
Tokha-5 kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np

---

**युएइमा रोजगार** कम्पनी : **SPECIAL GUARD SECURITY SERVICES LLC**

पूर्व स्वीकृति मिति : २०८२/०४/११ | LT. No. 329479 | चलानी नं. ६०२४३३११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 30 | 0 | 1800 | ६८,४८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १० गते (26th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org

---

**यएइमा रोजगार** कम्पनी : **THANI ORUVAN TECHNICAL SERVICES**

पूर्व स्वीकृति मिति : २०८२/०५/०१ | LT. No. 329484 | चलानी नं. ६०२४३३०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | STEEL FIXER/ROD BINDER | 5 | 0 | 1500 | ५७,०६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **TMP TECHNICAL SERVICES L L C S O C**

पूर्व स्वीकृति मिति : २०८२/०५/०१ | LT. No. 329483 | चलानी नं. ६०२४३३०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bldg. Painter | 2 | 0 | 1500 | ५७,०६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Demolition Of Building Labour | 2 | 0 | 1500 | ५७,०६२ | | | | | | | |
| 3 | General Electrician | 2 | 0 | 1500 | ५७,०६२ | | | | | | | |
| 4 | Plumber | 2 | 0 | 1500 | ५७,०६२ | | | | | | | |
| 5 | Steel Fixer/rod Binder | 2 | 0 | 1500 | ५७,०६२ | | | | | | | |
| 6 | Stone Worker | 2 | 0 | 1500 | ५७,०६२ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १० गते (26th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम ईजाजत नं. ४१५/०६०/६१

---

**भीमदत्त नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### आन्तरिक आयको ठेक्का सूचना

**दोस्रो पटक प्रकाशित मिति:– २०८२/०५/०३**

भीमदत्त नगरपालिकाको देहाय वमोजिमका आन्तरिक आयका बहु-बर्षिय ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागी मिति २०८२/०५/०३ का दिन सबै योग्य बोलपत्रदाताहरूको लागी सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.com/eGP-II मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०५/१८ गते दिनको १२ बजे सम्म र बोलपत्र खोल्ने मिति २०८२/०५/१८ गते दिनको १ बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रूपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ ।

**देहाय**

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | आ.ब. २०८२/०८३ को न्युनतम बोलपत्र कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|
| १/आ.आ./ २०८२ /८३ | वसपार्क सवारी साधनको पार्किङ तथा शौचालय सेवा शूल्क उठाउने कार्य | रू. ९५,८४,५३१।०० | आ.व. २०८३/०८४ का लागि ठेक्का सम्झौता रकम आ.व. २०८२/०८३ को कबोल अंकमा १%५ थप जोडी हुन आउने रकम कायम गरिनेछ । आ.व. २०८४/०८५ का लागी ठेक्का सम्झौता रकम आ.व. २०८३/०८४ को कबोल अंकमा १%५ थप जोडी हुन आउने रकम कायम गरिनेछ । |

बिस्तृत जानकारीका लागी www.bolpatra.com/eGP-II मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

---

**Naugad Rural Municipality**
**Office of Rural Municipal Executive**
**Hoparigad, Darchula**

### Invitation for Bids

**Invitation for Bids No: NRM/NCB/W/01-2082/083**
**Date of publication: 18th Aug, 2025**

1. Naugad Rural Municipality invites sealed bids or electronic bids from eligible bidders for the construction of Construction of River Training Works Dhuligada Khola Masanghat to Kathabagar of Naugad Rural Municipality Hoparigad Darchula under National Competitive Bidding-Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 42000000
   - Minimum Work experience of similar size and nature: one building project above NPR 11200000
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Documents.
3. Eligible Bidders may obtain further information ***Naugad Rural Municipality, Hoparigad, Darchula naugaad@gmail.com,*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Non-refundable Bid fee of NRs. 5000 Should Deposit before 12 Noon on 17th Sept, 2025.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Global IME Bank Hoparigad Branch Darchula**
   Name of Office: **Naugad Rural Municipality**
   Office Code no.: **801077305**
   Office Account no.:
   Ga.1.1 Aantarik Rajaswo Khata Naugad:- Ac.No-: 26504010000007 (for Bid Fee)
   Ga.3.1 Dharauti Khatta Naugad :- Ac.No-: 26504010000004 (for Cash bid security)
5. Pre-bid meeting shall be held at **Naugad Rural Municipality** at 1:00 PM on 10th Sept, 2025).
6. Electronic bids must be submitted to the office **Naugad Rural Municipality** by through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00** on **17th Sept**, 2025. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on 17th Sept, 2025 at the office of Naugad Rural Municipality. Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 840000, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# प्रभाव दैनिक


रूपशाला

## एलिनालाई डलरको वर्षा

गायिका एलिना चौहान साङ्गीतिक प्रस्तुतिका लागि अमेरिका टुरमा छिन् । 'अब हाँस्छ अमेरिका' कार्यक्रमका लागि उनी केही दिनअघि अमेरिका पुगेकी हुन् । कार्यक्रमको पहिलो प्रस्तुति उनले न्यूयोर्कमा दिएकी छन् । कार्यक्रममा उनलाई दर्शकहरूले डलरको वर्षा गरेका छन् । जसमा प्रस्तुति दिँदै गर्दा एलिनाको कानभरि डलर छ । स्टेजमा पनि दर्शकले डलर उडाएको देख्न सकिन्छ । 'अब हाँस्छ अमेरिका' कार्यक्रममा गायक बद्री पगेनी र प्रताप दास तथा गायिका कला लम्सालले पनि प्रस्तुति दिएका थिए ।




मंगलबार, ०३ भदौ, २०८२ (Tuesday, 19 August 2025)


# चलचित्र 'हरिबहादुरको जुत्ता'को पहिलो गीत सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं** – चलचित्र 'हरिबहादुरको जुत्ता' को पहिलो गीत सार्वजनिक भएको छ । प्रकाश सपुत र समीक्षा अधिकारीको स्वरमा रहेको गीत 'बेला बितेसी' सार्वजनिक भएको हो । गीतमा प्रकाश सपुतको शब्द संगीत छ ।


गायक तथा सर्जक सपुतले आफ्नो मौलिकपनको आभाष गीत मार्फत गराएका छन् । मौसम हिमालीको कोरियोग्राफी रहेको गीतमा चलचित्रका मुख्य कलाकार प्रकाश सपुत र स्वस्तिमा खड्का फिचर रहेका छन् । रोमान्टिक शैलीमा निर्माण गरिएको गीतको भिडियोमा प्रकाश र स्वस्तिमाको प्रेम देख्न सकिन्छ । गीतको भिडियोलाई पवन सुस्लिङ्गले खिचेका छन् । यसअगाडि सार्वजनिक चलचित्रका पोस्टरले दर्शकको ध्यान खिचिरहेको छ । गीतले दर्शकको मन जित्ने देखिन्छ ।

दीपेन्द्र के खनाल निर्देशित चलचित्रमा हरिवंश आचार्य, स्वस्तिमा खड्का, प्रकाश सपुत, प्रियंका कार्की, हरिहर शर्मा, दिव्य देव, किरण केसी, राजाराम पौडेल, दिनेश काफ्ले, सिता न्यौपाने, कमलमणि नेपाल लगायतका कलाकारको अभिनय रहेको छ । चलचित्र दसैंको फूलपाती (असोज १३) गतेबाट प्रदर्शनमा आउँदैछ । एसएम मोसन पिक्चर्सको ब्यानरमा निर्माण भएको चलचित्रलाई सरोज ओली र मोहितवंश आचार्यले निर्माण गरेका छन् ।

कृष्णबहादुर थापाले खिचेको चलचित्रलाई नकुल खड्काले सम्पादन गरेका छन् । वसन्त सापकोटा, दीपक शर्मा र प्रकाश सपुतको संगीत रहेको चलचित्रमा आशिस अविरल, समीक्षा अधिकारी, मोहितवंश आचार्य, समीर खरेल र सज्जा चौलागाईको स्वर सुन्न सकिन्छ ।

# रहेनन् संगीतकार एवं कवि नन्दन

■ प्रभाव संवाददाता



**चितवन** – कवि तथा सङ्गीतकार प्रेम विनोद नन्दनको आइतबार राति निधन भएको छ । लामो समयदेखि अस्वस्थ रहेका नन्दनको ९० वर्षको उमेरमा चितवन मेकिडल कलेज (सिएमसी) शिक्षण अस्पतालमा उपचारका क्रममा निधन भएको हो ।

नारायणी कला मन्दिरका पूर्वअध्यक्ष अमर प्रधानका अनुसार उनी लामो समयदेखि श्वासप्रश्वासलगायतका समस्याबाट ग्रसित थिए । विसं २०११ मा 'झटारो' गितीसङ्ग्रह प्रकाशन गरेर नेपाली गीत सङ्गीत र साहित्य क्षेत्रमा प्रवेश गरेका नन्दन गजल, कविता तथा अन्य काव्यमा कलम चलाएका छन् ।

उनका धेरै गीत चलचित्र क्षेत्रमा चर्चित छन् । उहाँका गिती सङ्ग्रह अञ्जली २०२३, सपनीवाट ब्यूँझेर २०२३, विपनीका पाइलाहरू २०५२, ऐनाभित्रको आकाश २०६३, सिद्धार्थको ग्रह त्याग लघु काव्य २०७४ र पत्रम पुष्पम कविता सङ्ग्रह २०७७ प्रकाशित भएका छन् ।

यस्तै राष्ट्रिय गान छनोटका क्रममा उनको गीत उत्कृष्ट १० भित्र पर्न सफल भएको थियो । प्रधानका अनुसार उनले लामो समय बागिश्वरी, दोभान, मारुनी, गोधुलीलगायतका साहित्यिक पत्रिका पनि सम्पदान गरेका थिए । अनौपचारिक शिक्षा आर्जन गरेर गीत संगित र साहित्यमा लागेका नन्दन गायक, सङ्गीतकार तथा कलाकार पनि थिए ।

विसं १९९२ जेठ १९ गते तनहुँको बन्दीपुरमा जन्मिएका नन्दन पछि बसाइँ सरेर चितवनको नारायणगढ आएका हुन् । उनले छिन्नलता गीत पुरस्कार २०५४, चिसाप प्रतिभा पुरस्कार २०५२, चिसाप कृष्णकुमारी गुरुङ पुरस्कार २०६४, नारायणी प्रज्ञा पुरस्कार २०७८, राष्ट्रिय स्रष्टा सम्मान २०७७ लगायतका सम्मान तथा पुरस्कार प्राप्त गरिसकेका छन् । उनको पार्थिव शरीर धार्मिक तीर्थस्थल देवघाटमा अन्त्येष्टि गरिएको छ । उनका श्रीमती, तीन छोरा र तीन छोरी छन् ।

# 'परालको आगो' को वर्कसपमा सौगात, प्रकाशदेखि सुहानासम्म

■ प्रभाव संवाददाता

**काठमाडौं** – पछिल्लो समय फिल्म छायाङ्कन पूर्वनिर्माण युनिट वर्कसपमा जुट्न थालेको छ । यसले फिल्मको छायाङ्कनमा सहज हुने मान्यता रहँदै आएको छ । यस्तैमा फिल्म 'परालको आगो' ले पनि वर्कसप सुरु गरेको छ ।

चर्चित कथाकार गुरुप्रसाद मैनालीको प्रसिद्ध कथा 'परालको आगो' मा आधारितर हेर निर्माण हुन लागेको फिल्ममा सौगात मल्ल, प्रकाश सपुत, सुहाना थापा, सिर्जना अधिकारी, शंकर आचार्य, किशोर भण्डारी, कुलदीप अधिकारी, सरु भण्डारी र रेणु न्यौपाने लगायतको अभिनय रहनेछ । आइतबारदेखि सुरु भएको वर्क सपमा फिल्मका कलाकार सबै जुटिरहेका छन् ।

फिल्मका निर्माता सुशील पोखरेल र लेखक सुशील देवकोटा पनि वर्कसपमा उपस्थित छन् । निर्माता पोखरेलले फिल्मलाई उत्कृष्ट बनाउन आफू प्रत्यक्ष रूपमा संलग्न भएको बताए । फिल्मको निर्देशन लक्ष्मण सुनारले गर्दैछन् ।

फिल्मका गीतहरूमा सुरेन्द्र राना, मनबहादुर मुखिया र प्रकाश सपुतको शब्द रहनेछ भने संगीत शान्ति ठटाल, सत्य स्वरूप र प्रकाश सपुतले दिनेछन् । निर्माण पक्षका अनुसार वरिष्ठ संगीतकार शान्ति ठटाललाई दुई महिना अघि नै उनको निवासमा पुगेर संगीत प्रयोगको अनुमति लिइएको थियो । 'परालको आगो' को छायाङ्कन भदौ २६ गतेदेखि म्याग्दीको रमणीय स्थानहरूमा सुरु हुनेछ । छायाङ्कन सङ्कल्प भुजेलले गर्नेछन् ।

फिल्ममा रामजी लामिछानेको नृत्य रहनेछ । स्मरण रहोस् मैनालीको 'नासो' कथा सङ्ग्रहमा समावेश 'परालको आगो' कथालाई ४५ वर्षअघि निर्देशक प्रताप सुब्बाले पनि फिल्ममा बनाएका थिए ।

## रंगशाला

'टप एन्ड टी-२०' सिरिज

# नेपाल लगातार तेस्रो खेलमा पनि पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं** – ओपनर आशिफ शेखको अर्धशतकका बाबजुद नेपालले टप इन्ड टी-२० सिरिजमा हारको श्रृंखला जारी राखेको छ । जारी प्रतियोगितामा यो नेपालको लगातार तेस्रो हार हो ।

सोमबार सम्पन्न खेलमा मेलबर्न स्टार्स एकेडेमीसँग नेपालले ३१ रनको हार बेहोरेको हो । यसअघि नेपालले नर्दर्न टेरिटोरी स्ट्राइकरविरुद्ध पहिलो खेलमा ४२ र दोस्रो खेलमा बंगलादेश 'ए' सँग ३२ रनले पराजित भएको थियो । मेलबर्नले दिएको १७६ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १४४ रन मात्रै बनाउन सक्यो ।

नेपालका आशिफले सर्वाधिक ५३ रन बनाए । ४९ बल खेलेका उनले तीन चौका र एक छक्का प्रहार गरे । कप्तान रोहितकुमार पौडेलले ३१ बलमा तीन चौकासहित ३३ रन बनाए । कुशल भुर्तेल २५, कुशल मल्ल ११ रनमा आउट हुँदा आरिफ शेख आठ रनमा अविजित रहे । मेलबर्नका अस्टिन एन्लेजार्क र डग वारेनले समान दुई विकेट लिए ।

त्यसअघि डार्बिनस्थित टिआइओ रंगशालमा टस जितेर पहिला ब्याटिङ थालेको मेलबर्नले ब्लेक म्याकडोनाल्ड र थोमस रोजर्सको अर्धशतकसँगै १७५ रन बनाएको थियो । मेलबर्नका म्याकडोनाल्डले सर्वाधिक ७४ रन बनाए । ४७ बल खेलेका उनले सात चौका र दुई छक्का प्रहार गरे । ओपनर थोमसले ४६ बलमा सात चौका र एक छक्कासहित ६५ रन बनाए । यी दुईले दोस्रो विकेटका लागि १२२ रनको विशाल साझेदारी गरेका थिए ।

१३.१ ओभरमा सन्दीप लामिछानेको बलमा भीम सार्कीले म्याकडोनाल्डलाई क्याच गर्दै आउट गरेर यो साझेदारी तोडे । अन्य ब्याटरको राम्रो प्रदर्शन हुन सकेन । नेपालका सन्दीप लामिछानेले सर्वाधिक तीन विकेट लिए । सोमपाल कामी र शहाब आलमको नाममा समान एक विकेट रह्यो ।

# नखिपोट खुल्ला फुटसल असोज ३ देखि

**काठमाडौं (प्रस)**– नखिपोट युथ क्लबको आयोजनामा तेश्रो नखिपोट खुला पुरुष फुटसल प्रतियोगिता असोज ३ गतेदेखि हुने भएको छ ।

प्रतियोगितामा ५० देखि ६० टिमको सहभागिता अपेक्षा गरिएको आयोजक क्लबका अध्यक्ष जंगबहादुर सुनुवारले सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गारए ।

पहिलो हुने टोलीले १ लाख २५ हजार तथा उपविजेताले ६५ हजार नगद पुरस्कार पाउने छन् । उत्कृष्ट खेलाडीलाई १५ हजार नगद पुरस्कार दिइने छ । उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालाई जनही ७ हजार नगदबाट पुरस्कृत गरिने छ ।

प्रतियोगिता सञ्चालन गर्न करिब ५ लाख २९ हजार रूपैयाँ खर्च हुने क्लबका कोषाध्यक्ष सुजन राईले बताए । मुख्य प्रायोजकसंगै अन्य प्रायोजकको पनि खोजी भइरहेको क्लबका उपाध्यक्ष इन्द्रजित लिम्बूले बताए ।

दुईदिने प्रतियोगिताका खेलहरू नखिपोटस्थित फुटसल भिलेजमा हुनेछ । क्लबले आकर्षक नगद पुरस्कार राशीको बास्केटबल र फुटबल पनि आयोजना गर्दै आइरहेको छ ।

युवाहरूमा फुटसल तथा खेलकुद संस्कृतिको प्रवर्द्धन गर्ने, प्रतिभाशाली खेलाडीलाई आफ्नो क्षमता प्रदर्शन गर्न प्लेटफर्म प्रदान गर्ने, खेल मार्फत स्थानीय समुदायबीच आपसी सद्भाव र एकता सुदृढ गर्ने, स्थानीय स्तरमा खेल पर्यटनको सम्भावना बढाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ ।


**ओमन/युएइमा रोजगार** कम्पनी : Dar Alalmas International

पूर्व स्वीकृति मिति : २०८२/०४/३० | LT. No. 329346 | चलानी नं. ६०२४३१९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Beautician | 0 | 1 | 170 | ६१,७१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Well Certified Scaffolding Llc

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 329290 | चलानी नं. ६०२४३१४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder/Scaffolder Labour | 10 | 0 | 1500 | ५७,०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १० गते (26th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम ईजाजत नं. ९७५/०६७/०६८

**कुवेतमा रोजगार** कम्पनी : EIGHTY BEAUTY SALOON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०२ | LT. No. 318407 | चलानी नं. ६०२३२६०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Ladies) | 0 | 1 | 130 | ५९,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HAIRDRESSER (FEMALE) | 0 | 10 | 150 | ६८,६२६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १० गते (26th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**युएइमा रोजगार** कम्पनी : SENSIBLE STAR CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/३० | LT. No. 329412 | चलानी नं. ६०२४३२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 30 | 0 | 1000 | ३८,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १० गते (26th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Proficient Employment Services Pvt.Ltd
KMC-26, Town Planning, Samakhushi, KTM, Contact: 977-4970500/4970600
श्रम ईजाजत नं. १५८२/०७९/८०

**कतारमा रोजगार** कम्पनी : AL-SHERAIM INTERNATIONAL TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०५/०२ | LT. No. 310670 | चलानी नं. ६०२२५७४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ३८,३८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | GENERAL ELECTRICIAN | 3 | 0 | 1200 | ४६,०५९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १० गते (26th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60
SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

**युएइमा रोजगार** कम्पनी : Smart Event and Production

पूर्व स्वीकृति मिति : २०८२/०५/०२ | LT. No. 329505 | चलानी नं. ६०२४३३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Painter Of Metals | 7 | 0 | 1200 | ४६,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Magnum Hospitality

पूर्व स्वीकृति मिति : २०८२/०५/०२ | LT. No. 329504 | चलानी नं. ६०२४२८८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Waitress | 1 | 0 | 1500 | ५७,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist Female | 0 | 2 | 1500 | ५७,५४० | | | | | | | |
| 3 | Receptionist-male | 2 | 0 | 1500 | ५७,५४० | | | | | | | |
| 4 | Waiter | 3 | 0 | 1500 | ५७,५४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १० गते (26th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd.
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com
Govt. License No. 1336/074/075

# गाजा युद्धका कारण इजरायलमा निराशा बढ्दो

## राष्ट्रव्यापी प्रदर्शनमा विष्फोट




**जेरुसेलम–** गाजामा बाँकी रहेका बन्धकहरूको रिहाइको माग गर्दै आइतबार इजरायलमा हालसम्मकै सबैभन्दा ठूलो प्रदर्शन भएको छ । आयोजकहरूले सयौं हजारले भाग लिएको दाबी गरेका छन् ।

प्रदर्शनकारीहरूले सडक, चोक, सैन्य मुख्यालय र नेताहरूको घर अगाडि अवरोध गरेका थिए । प्रहरीले ३८ जनालाई पक्राउ गरेको बताइएको छ ।

प्रदर्शनकारीहरूले गाजाबाट आएका कुपोषणग्रस्त बालबालिकाका तस्बिरहरू देखाउँदै युद्धले आमनागरिकलाई पारिरहेको पीडाबारे आक्रोश पोखेका थिए । अहिले गाजामा २५० भन्दा बढी मानिस भोकमरी वा कुपोषणका कारण मृत्यु भएको छ ।

गाजामा बाँकी ५० बन्धकमध्ये करिब २० जनामात्र जीवित रहेको विश्वास छ । बन्धकका परिवारहरूले सरकार र हमास दुवैलाई दोष दिएका छन् ।

पूर्वसैनिक र गुप्तचर अधिकारीहरूले पनि युद्ध अन्त्य गर्न सम्झौताको आवश्यकता औंल्याएका छन् । तर प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुले 'हमासलाई पराजित नगरेसम्म युद्ध रोक्ने आह्वानले बन्धक मुक्तिलाई ढिलाइ गर्छ र अर्को आक्रमण सुनिश्चित गर्छ' भन्दै सम्झौतामा आपत्ति जनाइरहेका छन् ।

यसअघि केही बन्धक मुक्त गर्ने युद्धविराममा सहमति भएपछि नेतान्याहुको सरकार ढाल्ने धम्की आएको थियो । अर्थमन्त्री बेजलेल स्मोट्रिचले प्रदर्शनलाई 'हमासको हातमा खेल्ने अभियान' भनेका छन् ।

यसैबीच, इजरायली सेनाले गाजामा कम्तीमा १७ जना सहायता खोज्ने नागरिकलाई मारेको अस्पतालहरूले बताएका छन् । उनीहरू संयुक्त राष्ट्रसंघका ट्रकको पर्खाइमा थिए । प्रत्यक्षदर्शीहरूले सेनाले भीडतर्फ गोली चलाएको बताएका छन् । मध्य गाजाको बुरेज शिविरमा आक्रमण हुँदा थप तीन जना मारिएको खबर आएको छ ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार युद्ध सुरु भएदेखि ६१ हजार नौ सयभन्दा बढी मानिसको मृत्यु भइसकेको छ । तीमध्ये आधा महिला र बालबालिका छन् । आइतबारमात्रै कुपोषणका कारण दुई बालबालिका र पाँच वयस्कको मृत्यु भएको मन्त्रालयले जानकारी दिएको छ । संयुक्त राष्ट्रसंघले गाजामा भोकमरी सबैभन्दा उच्चस्तरमा पुगेको चेतावनी दिएको छ ।

अब इजरायली सेना गाजा सहर, मुवासी र अन्य भीडभाड क्षेत्रहरूमा नयाँ आक्रमण गर्न तयारीमा रहेको बताइएको छ । सेनाले मानिसहरूलाई दक्षिणतर्फ सार्ने योजना बनाए पनि 'सुरक्षित क्षेत्र' भनिएका ठाउँहरूमा पनि बम प्रहार भएको छ । धेरै प्यालेस्टिनीले 'गाजामा कतै सुरक्षित नभएको' भन्दै आफ्नो स्थान नछोड्ने अडान लिएका छन् ।

यसैबीच, इजरायलले यमनमा इरान समर्थित हुथी विद्रोहीमाथि हवाई आक्रमण गरेको छ । आक्रमणमा राजधानी सानाको पावर प्लान्ट क्षतिग्रस्त भएको छ । इजरायलले आफ्नो भूमिमा लक्षित क्षेप्यास्त्र र ड्रोन आक्रमणको जवाफमा हमला गरिएको बताएको छ । हुथीहरूले भने बेन गुरियन विमानस्थल लक्षित गरेको दाबी गरेका छन् । *रासस/एपी*



**इण्डोनेसियाको ८०औं स्वतन्त्रता दिवसको उत्सवको एक भागको रूपमा योग्याकार्ताको मालीओबोरो स्ट्रिटमा आयोजित कार्निभल परेडमा भाग लिँदै एक कलाकार ।** *तस्बिरः सिन्ह्वा*

# पाकिस्तानमा बाढीः एक हजारभन्दा बढीको मृत्युको आशंका

**इस्लामाबाद–** पाकिस्तानी प्रधानमन्त्रीका संयोजक इख्तियार वली खानले खैबर पख्तुनख्वा (केपी) प्रान्तमा आएको विशाल बाढीमा एक हजारभन्दा बढी मानिसको मृत्यु हुनसक्ने गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

वलीले आफूले व्यक्तिगतरूपमा बाढीप्रभावित क्षेत्रहरू भ्रमण गरेको र ठूलो विनास देखेको बताए । उनले बुनेरको चघर्जी क्षेत्रमा व्यापक क्षति भएको र बासोनी गाउँ नक्साबाट नै हराएको जानकारी दिएका छन् । 'बाढीको पानीले बोकेका केही चट्टानहरू ट्रकभन्दा ठूला थिए । घरहरू नदीमा बगाइएका छन्, सम्पूर्ण परिवारहरू हराएका छन् र रिपोर्ट गर्ने कोही छैन,' उनले भने ।

उनले आधिकारिक तथ्यांकले अस्पतालमा ल्याइएको शवहरू मात्रै देखाएको तर धेरै हताहत अझै रिपोर्ट हुन बाँकी रहेको बताए । एआरवाई न्युजका अनुसार करिब एक हजारभन्दा बढी मानिस अझै बेपत्ता छन् र सामूहिक अन्त्येष्टि जारी छ । वलीले बाढीको दृश्य देखेर आफैं भारी मन लिएर फर्केको बताए ।




पाकिस्तानको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) का अनुसार, २६ जुनदेखि देशभरि वर्षासँग सम्बन्धित घटनामा कम्तीमा ६५७ जनाको मृत्यु भइसकेको छ र ९२९ जना घाइते भएका छन् । मृतकमध्ये १७१ जना बालबालिका र ९४ जना महिला छन् ।

केपी प्रान्त सबैभन्दा बढी प्रभावित भएको छ । यहाँ ३९० जनाको मृत्यु (२८८ पुरुष, ५९ बालबालिका, ४३ महिला) र २४५ जना घाइते (१६१ पुरुष, ४५ बालबालिका, ३९ महिला) भएको छ । एनडिएमएले प्रभावित क्षेत्रहरूमा राहत र उद्धार कार्यलाई तीव्र बनाउन प्रान्तीय अधिकारीहरूसँग समन्वय गरिरहेको छ । *रासस/एएनआई*

# डिसेम्बर २८ मा चुनाव गर्ने जुन्ताको घोषणा



**यांगुन–** म्यान्माको सैनिक सरकार (जुन्ता) ले लामो समयदेखि वाचा गरिएको चुनाव यस वर्ष डिसेम्बर २८ मा सुरु हुने घोषणा गरेको छ । तर देश गहिरो गृहयुद्धमा डुबिरहेको अवस्थामा यो चुनावलाई धेरैले केवल 'छल' का रूपमा हेरेका छन् ।

सन् २०२१ मा आङ सान सुकीको सरकारलाई सेनाले अपदस्थ गरेपछि सुरु भएको द्वन्द्वले देशका ठूलो भागलाई सैन्य नियन्त्रणबाट बाहिर धकेलेको छ । अहिले प्रजातन्त्र समर्थक समूह र जातीय सशस्त्र संगठनहरूले आफ्ना इलाकामा चुनाव हुन नदिने घोषणा गरिसकेका छन् ।

विश्लेषकहरूका अनुसार यो चुनावको उद्देश्य चाहे राष्ट्रपतिका रूपमा, सेनाध्यक्षका रूपमा वा नयाँ सिर्जित पदमार्फत जुन्ता प्रमुख मिन आङ ह्लाइङलाई निरन्तर सत्तामा राख्नु हो । राखाइन निवासीले भने, 'यो चुनाव केवल सैनिक शासकलाई शक्ति दिने बहाना हो । जनताका लागि यसको अर्थ छैन ।'

गृहयुद्धका कारण हजारौं मानिसको ज्यान गइसकेको छ, आधाभन्दा बढी जनसंख्या गरिबीमा धकेलिएको छ र ३५ लाखभन्दा बढी विस्थापित भएका छन् । जुन्ताले भने चुनावलाई शान्ति फर्काउने उपायको रूपमा प्रस्तुत गर्दै विपक्षी लडाकुहरूलाई हतियार बिसाएबापत नगद पुरस्कार दिने योजना अघि सारेको छ ।

यद्यपि, सुकी अझै जेलमै छिन् र उनका अधिकांश समर्थक सांसदहरूले चुनाव बहिष्कार गरेका छन् । संयुक्त राष्ट्रसंघका एक विज्ञ विशेषज्ञले यसलाई 'सैन्य शासनलाई नयाँ रूपमा प्रस्तुत गर्ने धोखाधडी' भनेका छन् । केन्द्रीय निर्वाचन आयोगले पहिलो चरणमा २८ डिसेम्बरमा 'बहुदलीय लोकतान्त्रिक आमचुनाव' हुने र बाँकी चरणको मिति पछि घोषणा गरिने जानकारी दिएको छ ।

तर द्वन्द्व पर्यवेक्षकहरूले चुनाव हिंसात्मक हुने चेतावनी दिएका छन् । गत महिना जुन्ताले नयाँ कानुन ल्याएर चुनावको आलोचना गर्ने वा विरोध प्रदर्शन गर्ने व्यक्तिलाई १० वर्षसम्म कैद सजायको व्यवस्था गरेको छ । मतदान केन्द्रमा क्षति पुऱ्याउने वा मतदातालाई धम्क्याउने काम गरे २० वर्षसम्म जेल सजाय हुने प्रावधान गरिएको छ ।

मिन आङ ह्लाइङ अहिले कार्यवाहक राष्ट्रपति र सेनाप्रमुख दुवै पदमा छन् । विश्लेषकहरूका अनुसार चुनावले विपक्षी गुटलाई विभाजित गर्न सक्छ, किनकि उनीहरू भाग लिने कि बहिष्कार गर्ने भन्ने दोधारमा छन् । गत वर्षदेखि संयुक्त रूपमा लडिरहेका विद्रोहीहरूले धेरै क्षेत्रमा विजय हासिल गरे पनि हालै जुन्ताले अनिवार्य भर्ती, हवाई आक्रमण र हजारौं नयाँ सैनिक परिचालन गरेर केही भू-भाग पुनः नियन्त्रणमा लिएको छ ।

चुनावको तयारीका लागि गरिएको जनगणनामा पनि पाँच करोड १० लाख जनसंख्याबाट एक करोड ९० लाखको तथ्यांक संकलन हुनै सकेन । अधिकारीहरूले यसको कारण 'सुरक्षा अवरोध' भएको बताएका छन् । यसले गृहयुद्धबीच हुने चुनाव कति सीमित हुने छ भन्ने देखाउँछ । *रासस/एएफपी*

# अमेरिकी विदेशमन्त्री रुबियोले प्रस्ट्याए चीनमाथि प्रत्यक्ष प्रतिबन्ध नलगाउनुको कारण



**न्युयोर्क–** अमेरिकी विदेशमन्त्री मार्को रुबियोले चीनजस्ता मुलुकमाथि प्रत्यक्ष प्रतिबन्ध लगाउँदा विश्वव्यापी तेल बजारमै ठूलो प्रभाव पर्न सक्ने भएकाले अमेरिकाले तत्कालै कडा कदम चाल्न नसक्ने बताएका छन् ।

उनको टिप्पणी अमेरिकाले हालै भारतको निर्यातमा ५० प्रतिशत कर लगाउने निर्णयपछि आएको हो । यसमा मस्कोसँगको नयाँदिल्लीको तेल व्यापारका लागि २५ प्रतिशत जरिवाना भन्सार शुल्क समावेश छ । रुबियोले भने, 'यदि चीनमाथि प्रत्यक्ष प्रतिबन्ध लगाइयो भने त्यो तेल फेरि चीनमै परिस्कृत भएर अन्तर्राष्ट्रिय बजारमा पुग्छ, जसले सम्पूर्ण विश्वलाई असर गर्ने छ ।'

रुसी तेल खरिद रोक्न युरोपलाई पनि प्रतिबन्ध लगाउने विषयबारे सोधिएको प्रश्नमा उनले भने, 'युरोपले अझै पनि प्राकृतिक ग्यास किनिरहेको छ । केही देशले यसलाई हटाउने प्रयास गरिरहेका छन्, तर अझ धेरै गर्न सकिन्छ । निकट भविष्यमा थप प्रतिबन्ध प्याकेज आउन सक्छ ।'

अमेरिकी सिनेटमा आएको प्रस्तावअनुसार चीन र भारत दुवैलाई रूसी तेल किनेकै आधारमा सय प्रतिशत कर लगाउन सकिने उल्लेख थियो । तर रुबियोका अनुसार, धेरै युरोपेली देशले यसबाट हुने असरबारे चिन्ता व्यक्त गरेका छन् ।

यसैबीच, राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनका लागि तोकिएको करको समयसीमा बढाएका थिए । भारतपछि रुसबाट तेल किन्ने सबैभन्दा ठूलो मुलुक चीन हो । ट्रम्पले फक्स न्युजसँग भनेका थिए, 'आज भएको घटनाक्रमका कारण मलाई अहिले नै करबारे सोच्नुपर्छ जस्तो लाग्दैन ।' उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको आफ्नो भेटलाई 'धेरै राम्रो' भएको बताएका थिए ।

रुबियोका अनुसार अमेरिका प्रतिबन्धका मामिलामा युरोपसँग मनमुटाव गर्न चाहँदैन । बरु, युरोपले रचनात्मक भूमिका खेल्न सक्ने उनको विश्वास छ ।

ट्रम्पले यसअघि भारतमाथि लगाइएको भन्सार शुल्कले मस्कोलाई वासिंटनसँग भेट गर्न दबाब दिएको बताएका थिए । उनका अनुसार जब अमेरिकाले भारतलाई 'रुसबाट तेल किनिरहेमा भन्सार शुल्क तिर्नुपर्छ' भनेर चेतावनी दियो, यसले भारतलाई खरिद रोक्न बाध्य तुल्यायो ।

ट्रम्पले भने, 'भारत दोस्रो ठूलो ग्राहक थियो । चीन पहिलो हो । जब रुसले यी दुवै ग्राहक गुमाउने जोखिम देख्यो, तब पुटिन वार्तामा आउन चाहनुहुन्थ्यो । यसले निश्चितरूपमा प्रभाव पारेको हो ।' *रासस/एएनआई*


**अजिरकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भच्चेक, गोरखा**

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०३)**

अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय मातहतका कार्यालयहरु मा देहाय अनुसारको पदमा सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० बमोजिम खुल्ला प्रतिस्पर्धाबाट सेवा करारको माध्यमबाट पदपूर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका १८ वर्ष पूरा भई ४४ वर्ष ननाघेका इच्छुक नेपाली नागरिकह?ले यो सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण सहित अजिरकोट गााउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा राजश्व बुझाएको रसिद सहित निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय**

१. माग गरिएका पदहरु

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक न्यूनतम योग्यता र अनभव | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०३/ २०८२-०८३ | क.मेडिकल जनरलिष्ट | नवौं | १ | एम.डि.जि.पि.विषयमा स्नातकोत्तर उत्तिर्ण भई मेडिकल काउन्सिलमा दर्ता भएको | आन्तरिक श्रोततर्फ |
| २ | ०४/ २०८२-०८३ | स्टाफ नर्स | पाँचौ | २ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट पिसियल प्रमाण पत्र तथा नर्सिङ कोर्ष उत्तिर्ण भई नेपाल नर्सिङ परिषद्मा दर्ता भएको | आन्तरिक श्रोततर्फ |

२. दरखास्त दिने स्थान (सबै पदको लागि) : अजिरकोट गाउँ कार्यपालिकाको कार्यालय, भच्चेक, गोरखा ।
३. दरखास्त दिने अन्तिम मिति (सबै पदको लागि) : २०८२/०५/१७ गते कार्यालय समयसम्म ।
४. आवेदन दस्तुर :- अधिकृत नबौ स्तरमा रू.१०००/- (रू. एक हजार मात्र), पाँचौ तह :- रू ६००/- (रू. छ सय मात्र) ।
५. छनौटको किसिम : सबै पदको लागि - प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता ।
६. आवेदनमा संलग्न कागजातहरु (सबै पदको लागि) : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरु
   क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
   ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   ग. चारित्रिक प्रमाणपत्र
   घ. काम सँग सम्बन्धित अनुभव भए सोको कागजात
   ङ. ३ प्रति पासपोर्ट साइजको फोटो
   च. सम्बन्धित पदको लागी सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्र
७. सेवा सुविधा तथा अन्य : नेपाल सरकारलेतोकेको सेवा सुविधा सरह वा गाउँपालिकाको सम्झौता बमोजिम
८. आवेदनको ढाँचा तथा अन्य जानकारी स्अजिरकोट गाउँपालिकाको वेवसाइट धधध।बवष्चपयतकगल।नयख।लउ र अजिरकोट गााउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
९. परिक्षा मितिः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन सँगै तोकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९५५०० | प्रति तोला – ० | प्रति तोला – २३१० |



**मुस्ताङमा पर्यटक** | मुस्ताङको घरपझोङ गाउपालिका-९ जोमसोमस्थित झोलुंगे पुल तरेर मुक्तिनाथतर्फ जाँदै गरेका विदेशी पर्यटक ।
*तस्बिर : सुन्दर कुमार थकाली/रासस*

## नेप्से परिसूचकमा सुधार

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ। साताको दोस्रो दिन सोमबार नेप्से परिसूचक नौ दशमलव १६ अंकले बढेर दुई हजार ७७० दशमलव ३९ विन्दुमा कायम भएको हो ।

३२० कम्पनीको एक करोड ५२ लाख २९ हजार ८२१ कित्ता शेयर ६७ हजार ९५९ पटक खरिदबिक्री हुँदा रु छ अर्ब १७ करोड ९८ लाख ५५ हजार २०९ बराबरको कारोबार भएको छ।


म्युचुअल फन्ड समूह शून्य दशमलव ४९ र अन्य समूह शून्य दशमलव ५८ प्रतिशतले घटेको छभने अरू सबै समूहको उपसूचक बढेको छ। बैंकिङ शून्य दशमलव १७, विकास बैंक शून्य दशमलव ३१, वित्त शून्य दशमलव ०९, होटल तथा पर्यटन शून्य दशमलव २४ र जलविद्युत् समूह शून्य दशमलव ९७ प्रतिशतले बढेको छ । त्यस्तै, लगानी शून्य दशमलव ४३, जीवन बिमा शून्य दशमलव ३२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४९, लघुवित्त शून्य दशमलव १०, निर्जीवन बिमा शून्य दशमलव ३८ र व्यापार एक दशमलव २९ प्रतिशतले बढेको छ।

युनियन हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै छ दशमलव १० प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य चार दशमलव ८१ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु २१ करोड ७४ लाख २८ हजार ८३१ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै लिबर्टी इनर्जी कम्पनी लिमिटेडको छ लाख २७ हजार १३८ कित्ता शेयर किनबेच भएको छ ।

# सहकारीको समस्या डेढ वर्षभित्र हल गर्छौं : मन्त्री अधिकारी

■ प्रभाव संवाददाता



**काठमाडौं–** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले डेढ वर्षभित्रमा सहकारीमा देखिएका समस्याहरू हल गर्ने बताएका छन् । मन्त्रालयमा सोमवार आयोजित पत्रकार सम्मेलनमा मन्त्री अधिकारीले सहकारीहरूलाई व्यवस्थित रूपले परिचालन गर्नको लागि हाल सहकारी विभाग सक्रिय रूपले लागेको जानकारी दिएका हुन् ।

विभागले विभिन्न निर्देशन गर्ने, हिनामिना गर्नेहरूको सम्पत्ति रोक्का राख्ने लगायतका काम गरिरहेको उनको भनाई थियो । सहकारसँग आबद्ध दुई वटा केन्द्रीय निकायहरू नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड (नेफ्स्कुन) र राष्ट्रिय सहकारी महासंघलाई पनि गाउँसम्म पुगेर सहकारीको डाटा संकलन गर्न आग्रह गरेको उनले जानकारी दिए ।

उनले भने, 'उहाँहरूलाई पनि हामी तलसम्म गएर तपाईंहरू गाउँ तहसम्म पुगेर कुन सहकारी कस्ता छन्, त्यसको डाटा बनाएर ल्याउने र त्यसलाई त्यही किसिमको परिभाषित गरेर राम्रोलाई राम्रो छ भन्ने हिसाबले सन्देश दिँदै जाने र बिग्रेकोलाई त्यही हिसाबले नियमन गरेर त्यसलाई अगाडी बढाउने कुराहरूमा सक्रिय रूपमा लाग्नुस् भनेर भनेका छौं । उहाँहरू पनि लाग्नुभएको छ । मलाई के विश्वास छ भने यहाँहरू सबैको सहयोग भयो भने हामी एक/डेढ वर्षभित्रमा सहकारीले देखिएका समस्याहरू हल गर्‍यौं भन्ने सन्देश दिन सक्छौं ।'

मन्त्री अधिकारीले हालसम्म समस्याग्रस्त सहकारीका ६ हजार ७ सय व्यक्तिहरूको रकम पूर्ण भुक्तानी गरिसकेको जानकारी दिए । ५६ हजार व्यक्तिहरूको आंशिक भुक्तानी गरेको र ४ हजारभन्दा बढीको हिसाब मिलान र नगद भुक्तानी गरिसकेको उनले बताए ।

एक वर्षको अवधिमा भएको यो काम महत्वपूर्ण उपलब्धि रहेको उनको दाबी छ । समस्याग्रस्त सहकारीहरूको सम्पत्ति रोक्का राखेर, रोक्का राखेको सम्पत्तिलाई परिचालन गरी प्रक्रिया मिलाएर, बैंकमा धितो भएकोलाई बैकबाट मिलाएर पुँजी ल्याउँदा एक/डेढ वर्ष लाग्ने उनको भनाई छ ।

उनले भने, 'समस्याग्रस्त सहकारीको अहिलेसम्म ६ हजार ७ सय व्यक्तिहरूको पूर्ण भुक्तानी गरिसकेका छौं । ५६ हजार व्यक्तिहरूको आंशिक भुक्तानी गरेका छौं । ४ हजार भन्दा बढीको हिसाब मिलान र नगद भुक्तानी गरिसकेका छौं । यो एक वर्षको अवधिमा त्यति काम गरेको छ, ठुलो महत्वपूर्ण उपलब्धि हो । त्यो सम्पत्ति, पुँजी कहाँबाट ल्याउने हो भन्दा हिजो बिग्रेका तिनै सहकारीलाई नियमन प्राधिकरणले नियमन गर्ने कुरा आउला नै तर तिनीहरूको सम्पत्ति रोक्का राखेर, त्यो सम्पत्तिलाई परिचालन गरेर, प्रक्रिया मिलाएर, बैकमा धितो भएकोलाई बैंकबाट पनि कुरो मिलाएर, प्रक्रिया मिलाएर ल्याउँदा एक/डेढ वर्ष त्यसै जान्छ ।

उनले थपे, 'अहिले हामीले समस्याग्रस्त घोषणा गरेका सहकारीहरू २४ वटा छन् । तीमध्ये ३ वटाको राफसाफ भएको छ । २ वटाको पनि राफसाफ भएको छ, ४ लाख मात्रै बाँकी छ हिसाब मिलान गर्न । ५ वटाको त्यसरी सकिएको छ । हामी यो सालभित्रमा अरू ५/७ वटाको सक्ने कोसिसमा छौं । अर्को साल भित्र यी जति घोषणा भएको छ, सबैको सक्छौं भन्ने छ ।'

**कर्पोरेट**


## नागरिक लगानी कोष सञ्चालक समितिको अध्यक्षमा घिमिरे नियुक्त



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोष सञ्चालक समितिको अध्यक्षमा तुलसीप्रसाद घिमिरे नियुक्त भएका छन् । उनलाई २०८२ भदौ ०१ गतेको उपप्रधानमन्त्री तथा अर्थमन्त्रीस्तरको निर्णय अनुसार अध्यक्षमा नियुक्त गरिएको हो ।

त्रिभुवन विश्वविद्यालयबाट अर्थसास्त्रमा एमफिल, अर्थसास्त्रमै एम.ए र एम.पी.ए गरेका घिमिरे नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशकबाट अवकाश भएका हुन् । उनले केन्द्रीय बैंकमा सेवा गर्दा सूचना प्रविधि, मानव संसाधन, विदेशी विनिमय, बैंकिङ एवं अनुसन्धानलगायत अन्य विभागमा कार्य गरेका छन् ।

## ग्लोबल आइएमईलाई 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२५' अवार्ड




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिडेट 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२५' को बेस्ट बैंक अवार्डबाट सम्मानित भएको छ । सन् १९९२ मा युरो मनी म्यागजिनद्वारा स्थापित यो अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित अवार्ड हो । ग्लोबल आइएमई बैंकले ग्राहकहरूलाई प्रदान गर्दै आएको सेवा, वित्तीय अवस्था, संस्थागत सामाजिक उत्तरदायित्व, बैंकिङ क्षेत्रमा भित्र्याएको नयाँनयाँ प्रविधि, वातावरणीय, सामाजिक तथा सुशासनका क्षेत्रहरूमा बैंकले गरेको लगानी तथा बैंकको उच्चस्तरीय कार्यसम्पादनका लागि यो अवार्ड प्रदान गरिएको हो ।

युरो मनी म्यागजिन बैंकिङ क्षेत्रको गहिरो विश्लेषण र समालोचनाका लागि प्रख्यात छ । युरो मनी समूहमा बैंक तथा वित्तीय क्षेत्रका ख्यातिप्राप्त तथा अनुभवी व्यक्तिहरू छन् । यो वर्षको अवार्डसँगै ग्लोबल आइएमई बैंक तेश्रो पटक बेष्ट बैंक अवार्डबाट सम्मानित भएको हो । यसअघि पनि ग्लोबल आइएमई बैंकले युरो मनी अवार्ड फर एक्सलेन्स २०२२ र २०२४ मा बेस्ट बैंक अवार्ड प्राप्त गरेको थियो ।

यस अघि ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ र २०२५ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गत दुई विधामा नेपालको सर्वश्रेष्ठ बैंक, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२ र २०२४ मा बेष्ट बैंकको रूपमा सम्मानित भएको थियो । ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

## गज्जबको पिरो अब ५० रूपैयाँमा




**काठमाडौं (प्रस)–** सिद्धि बिनायक स्न्याक्स एण्ड नुडल्स प्रा.लि. ले बजारमा ल्याएको गज्जबको पिरो चाउचाउ अब ५० रूपैयाँमा पनि उपलब्ध हुने भएको छ ।

विगत लामो समयदेखि आफ्ना विभिन्न ब्राण्डका उत्कृष्ट चाउचाउ उत्पादन मार्फत् नेपाली तथा विदेशी बजारका उपभोक्तामाझ सेवा पुर्‍याउँदै आएको कम्पनीको को सर्वाधिक लोकप्रिय उत्पादन मध्ये गज्जबको पिरो चाउचाउ एक हो । उपभोक्ताहरूबीच अत्याधिक रुचाईएको यो उत्पादन नेपाली तथा अन्तर्राष्ट्रिय बजारमा निकै लोकप्रिय बनेको छ । हालसम्म गज्जबको पिरो चाउचाउ रु. २०/- मा प्रति प्याकेट उपलब्ध हुँदै आएको थियो । उपभोक्ताको बढ्दो मागलाई ध्यानमा राख्दै कम्पनीले आजदेखि नयाँ तथा ठुलो प्याकेट, १२० ग्रामको गज्जबको पिरो चाउचाउ रु. ५०/- मा बजारमा उपलब्ध गराएको हो । यस नयाँ प्याकेटमा उपभोक्ताले स्वादिष्ट कोरियन किम्ची स्वादको अतिरिक्त आनन्द लिन सक्नेछन् । कम्पनीका अनुसार यो उत्पादन अहिले बजारमा पाइने अन्य चाउचाउहरू भन्दा अझ उत्कृष्ट, परिष्कृत र उपभोक्तामुखी छ भन्ने कम्पनी श्रोतको दाबी छ ।

# सिन्धुपाल्चोकमा ड्रागन फ्रुटप्रति कृषकको आकर्षण बढ्दै



**चौतारा–** वर्षमा दुईपटक फल दिने र खेती गर्न पनि सहज हुने भएकाले पछिल्लो समय सिन्धुपाल्चोकका किसान 'ड्रागन फ्रुट' खेतीतर्फ आकर्षित भएका छन् । सुक्खा ठाउँमा खेती गर्न सकिने, खेती गरिएको जमिनभित्र अग्ला नहुने विभिन्न जातका फलफूल, अदुवा बेसार, लसुन प्याजलगायत सागसब्जी पनि उत्पादन गर्न सकिने भएकाले दोहोरो फाइदा हुने देखेपछि यहाँका किसान ड्रागन फ्रुटखेतीतर्फ आकर्षित भएका हुन् ।

जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका-१४ डडुवाका किसान ज्ञानेन्द्र मैनालीले पछिल्लो दुई वर्षदेखि ड्रागनफ्रुटखेती सुरू गरेका छन् । सात रोपनी जमिनमा लगाएको ड्रागनफ्रुटले अहिले उत्पादन दिन थालेपछि उनले आम्दानीसमेत गर्न थालेका हुन् । मैनालीले वर्षमा दुईपटक बजारमा यो फल बिक्री गर्छन् । उनले खेतबाट प्रतिकिलो ३५० देखि ४०० रूपैयाँसम्ममा ड्रागनफ्रुट बिक्री गर्दै आएको उनी बताउँछन् । वर्षमा करिब एक हजार केजी बिक्री गरी आम्दानी गरिरहेको बताउने उनी परम्परागत बालीको तुलनामा राम्रो आम्दानी हुने देखिएपछि यस खेतीप्रति थप उत्साहित भएको बताउँछन् ।

बाँझो जमिनलाई फल्ने बनाउने उहाँको यो प्रयास केवल व्यक्तिगत सफलता होइन, सिङ्गो गाउँले अनुकरण गर्न सक्ने उदाहरणीय कृषि क्रान्ति पनि हो । दुई वर्षको मेहनत र माटोसँगको निरन्तर सम्बन्धपछि ती बिरुवाहरूले फल दिन थालेको मैनालीको भनाइ छ । उनले भने, 'यो खेती केवल व्यावसायिक रूपमा फाइदाजनक होइन, भविष्यको दिगो आधार बन्न सक्छ ।'

त्यस्तै साँगाचोकको पोखरेमा चौतारा छापका सुशील श्रेष्ठको करिब पाँच रोपनी जग्गामा ड्रागनफ्रुटको खेती छ । यहाँ करिब ४०० बिरुवा रोपिएका छन् । अहिले सबै बोटबाट रातो र सेतो जातका ड्रागनफ्रुट फल उत्पादन भइरहेको छ । उनले उत्पादन गरेको फल खरिद गर्न व्यापारीहरू बगानमै आउँछन् । ज्येष्ठदेखि कात्तिकसम्ममा दुईपटक फल बेचेर आम्दानी गर्दै आएको उनी बताउँछन् ।

खेती गर्न सजिलो, फल स्वादिलो तथा पोषिलो हुनाका साथै बजार मूल्यमा पनि समस्या नभएपछि ड्रागनफ्रुट व्यवसायमा किसानको आकर्षण बढ्दै गएको हो । बजारमा ड्रागनफ्रुट प्रतिकिलो ६५० देखि ८५० सम्ममा किन्न पाइन्छ । नेपालमा पहिलोपटक जगनाथ राईले विदेशबाट ड्रागनफ्रुट भित्र्याएर खेती गरेका थिए ।

पछिल्लो समय सिन्धुपाल्चोकमा किसानको 'ड्रागनफ्रुट' खेतीप्रति आकर्षण बढ्दै गएको छ । एकपटक लगाएको बिरुवाबाट वर्षौंसम्म आम्दानी लिन सकिने, सजिलो खेती प्रविधि र राम्रो बजार मूल्य भएकाले परम्परागत खेती छोडेर किसान व्यावसायिक ड्रागनफ्रुट खेतीतर्फ आकर्षित हुन थालेका हुन् । यसले सिन्धुपाल्चोकमा व्यावसायिक कृषि विस्तारको नयाँ सम्भावना पनि देखाएको छ । कृषि प्राविधिकहरूका अनुसार ड्रागनफ्रुट खेतीका लागि सिन्धुपाल्चोकको हावापानी उपयुक्त छ । यो खेती एकपटक लगाएपछि १५-२० वर्षसम्म फल दिने, कम सिँचाइ र कम मलको आवश्यकता हुने तथा बजार मूल्य उच्च हुने भएकाले कृषकहरूका लागि लाभदायक विकल्प हो । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ